# पौडिने समाज डुब्दै छ

**अनुपम मिश्र**

अनुवादक

**पदम बहादुर थापा**

**प्रकाशकः**

साउथ एसियन डायलाग्स ऑन इकोलॉजिकल
डेमोक्रेसी (SADED), दिल्ली

# विषय सूचि


१. पौडिने समाज डुब्दै छ

२. अनिकालः कार्य र विचार

३. लापोडिया र गौचरन

४. भाषा र पर्यावरण

५. साध्य, साधन तथा साधना

६. राजरोगीको खतरनाक मिलोमतो

सबभन्दा ठूलो अर्थात् लामो प्लेटफार्ममा आफू उभिएको छु भन्ने थाहा पाउनु हुनेछ। तर त्यति सम्पन्न उत्तर बिहार आज दयनीय स्थितिमा किन छटपटाइरहेको छ? यो सोच्नु र बुझ्नु जरुरी छ। त्यो प्लेटफार्म हो–सोनपुरको प्लेटफार्म। भनिन्छ, यो हाम्रो देशको सबभन्दा लामो प्लेटफार्म हो। यसलाई अङ्ग्रेजको जमानामा बनाइएको थियो। यति ठूलो प्लेटफार्म किन बनाइयो? यो त्यहाँको सम्पन्नतम पदार्थ रेलगाडीमा राखेर देशभित्र र देशबाहिर लैजानका लागि बनाइएको थियो। तर हिजोआज हामीलाई यस इलाकाबारे चिन्ता छैन। हामीले त्यसलाई लाचारी र विवशतामा छोडिदिएका छौं।

बाढी आयो भने हामीले सबभन्दा पहिले नेपाललाई दोष दिन्छौं। नेपाल एउटा सानो देश हो। बाढीका निम्ति हामीले कहिलेसम्म उसलाई दोषी ठहराइरहने हो? भनिन्छ, नेपालले पानी छोड्यो। यसैले उत्तर बिहार बग्यो, डुब्यो। त्यसले कति पानी छोड्छ यो जाँच्न सकिने कुरो हो। मोटामोटी रूपमा नेपाल बाढीको पहिलो हिस्सा हो। र, यो मानिएकै कुरो पनि हो। त्यहाँ हिमालयका चुचुरामा पानी पर्छ। त्यस पानीलाई रोक्ने क्षमता र साधन ऊसित छैन। सायद त्यसलाई रोक्ने  कुनै व्यावहारिक आवश्यकता पनि देखिइँदैन। त्यहाँ परेको पानी रोक्नाले झनै खतरा बढ्न सक्छ। यसैले नेपालमाथि दोष थोपर्ने काम बन्द गर्नुपर्छ।

यदि नेपालले पानी रोक्यो वा थुन्यो। भने ढिलोचाँडो अहिलेको बाढीभन्दा पनि भयंकर बाढी आउला। यसैले यसबारे पूर्व तयारी

गर्नुपर्छ। यसै पनि हिमालय भू–भाग कमलो छ। यहाँ जतिसुकै सावधानी र इमानदारीका साथ बाँध बनाइयो भने पनि प्रकृतिको कुनै सानो हलचलबाट त्यो भत्किन सक्छ, फुट्न सक्छ। त्यतिबेला आजभन्दा कैयौं गुणा डरलाग्दो बाढी हामीकहाँ आउन सक्छ। मानिलिऊँ, नेपाललाई दोषी ठहराइयो रे ! तैपनि कमसे कम बिहारका बाढी नियन्त्रक, इन्जिनियर र नेता अप्रिल तथा मई महिनामा नेपाल जानुपर्छ। ताकि त्यहाँ गएर बाढीबाट मुक्ति पाउने प्रबल प्रबन्धबारे वार्ता गर्न सकियोस्। वार्ता मित्रवत् हुनुपर्छ, प्राविधिक तवरमा हुनुपर्छ। र, आवश्यक परेमा प्रधानमन्त्री नभए पनि प्रान्तका मुख्यमन्त्री नै मई महिनामा नेपाल जाऊन् र आगामी जुलाईमा आउने बाढीबारे चर्चा गरेर फर्कून, हेरून्।

हामी बाढीको बाटोमा छौं। यो कुरो भुल्नुहुन्न। उत्तर बिहारभन्दा पहिले नेपालमा पनि बाढीका कारण धेरै मानिस मरिसकेका छन्। पछिल्लो वर्ष नेपालमा भयंकर भूस्खलन भएको थियो। त्यतिबेला नै आउने बर्खाले ठूलो संकट पार्ला भन्ने कुरो हामीले बुझ्नुपर्ने थियो। किनभने हिमालयको यस कमलो भागमा भूस्खलनको मलवा (Silt–गद्दर र लेदो) त्यहीं नै थियो। र, यस वर्षको बर्खामा तल बिहारतिर बग्ने कुरो निश्चित थियो।

उत्तर बिहारको परिस्थिति पनि बेग्लै छ। यसलाई यसरी नै बुझ्नु जरुरी छ। हिमालयबाट यहाँ अनगिन्ती नदीहरू बग्छन्। र, ती बगाइको एउटा सरल उदाहरण दिन सकिन्छ। जस्तै, पाठशालाका छानामा कर्कट पाताहरू हुन्छन्। यिनबाट पानी बगे

जस्तै यी नदीहरू हिमालयका हिउँका तह–तहबाट तल ओर्लिन्छन्। नेपालको हिमालयको यही भेगमा सबभन्दा अग्ला टाकुराहरू छन्। र, कम दूरी तय गरेर यी नदीहरू उत्तर भारतको फाँटतिर आइपुग्छन्। यसैले यी नदीहरूको क्षमता र वेग निकै हुन्छ। यी नदीहरूमा हिमालय र शिवालिकबाट थुप्रै लेदो आउँछ। यसैले त्यसको तुलना पश्चिमी र उत्तर पूर्वी हिमालयसित गर्न सकिइँदैन।

एक त त्यो क्षेत्र सबभन्दा अग्लो क्षेत्र हो। त्यो कमलो पनि छ। फेरि त्यो भेग बिस्तारै खस्दै गएको भागमा टिकेको भेग हो। यहाँ भौगोलिक परिस्थिति पनि यस्तै छ। यहाँबाट नै हिमालयको जन्म भएको थियो। हाम्रो समाजले पनि भू–विज्ञान, 'जिओ–मार्फालोजी' निकै राम्ररी बुझेको छ। एघारौं शताब्दीमा यही क्षेत्रमा बनेको वराह अवतारको मन्दिर पनि छ। यो मन्दिर बिरलै पाइन्छ। करोड वर्षअघि यस भू–भागमा कुनै घटना घट्यो। यही घटनाका कारण हिमालयका रूपमा देखा पऱ्यो। त्यसपछि यहींबाट नदीहरूको जाल फिंजियो। नदीहरू छिटोछिटो दुगुर्दै आउँछन् र समतल फाँटमा ओर्लिन्छन्। मैदानी भागमा सोझै उत्रिन्छन्। यसरी यिनको गति अझ बढ्दै जान्छ।

भनिन्छ, हिमालय बन्ना साथ त्यसका तीनवटा तहहरू निर्माण भए। जस्तै मध्य प्रदेश खण्डमा सतपुडा छ। त्यस्तै यहाँ तीनवटा तहहरू छन्। जस्तै आन्तरिक, मध्य र बाह्य। बाह्य खण्डमा शिवालिक सबभन्दा कमजोर मानिन्छ। यसै पनि भूगोलको परिभाषा गरिएकै छ। यसअनुसार हिमालय अरावली, विंध्य र सतपुडाको

दाँजोमा काँचो छ। बाह्र महिनाको भित्ते पात्रो एक–एक गरी पल्टाउँदा हाम्रा सबै किसिमका भित्ते पात्रोहरू भित्ताबाट उतारिन्छ। तर प्रकृतिका भित्ते पात्रोहरू लाखौं वर्षको एक पात्रो हुन्छ। त्यो पात्रोबाट हेर्दा सायद अरावलीको उमेर नब्बे वर्ष हुनेछ र हिमालय? त्यो त अहिले चार–पाँच वर्षको चुलबुले बच्चा जस्तै छ। यतिखेर त्यो उफ्रिन्छ, हामफाल्छ र खेल्छ। यसमा टुटफुट भइरहन्छ र चोटपटक पनि लागिरहन्छ। अहिले त्यसमा प्रौढता वा वयस्कमा पाइने संयम, शान्त र धैर्यको गुण आएको छैन। यसैले हिमालयका यी नदीहरूले पानी मात्र बगाउँदैनन्। तिनीले त माटो, ढुङ्गा र ठूल्ठूला चट्टानहरू पनि साथै ल्याउँछन्। उत्तर बिहारको समाजले आफ्नो स्मृतिमा यी कुरालाई साँचिराखेको थियो।

एक त हिमालय चुलबुले र चञ्चले बच्चा हो जुन आलो छ, सानै छ। र, यसै पनि त्यो भूकम्पकीय क्षेत्र पनि हो। हिमालयको यसै क्षेत्रबाट भूकम्पको एउटा ठूलो र प्रमुख पाटो गुज्रिन्छ। अर्को पाटो यस पाटोबाट अलिकति माथिको भाग मध्य हिमालयमा पर्छ। लाखौं वर्षअघि त्यो सारा भाग अस्थिर गद्दरको ढिस्कोबाट बनेको थियो। अनि भूकम्पले यिनलाई जहिले चाह्यो तहिले अस्थिर बनाइ दिन्छन्। भू–विज्ञानअनुसार उत्तर बिहार र नेपालका भू–भागमा समुद्रका जस्तै लहर (छाल) उठेका थिए। र, ती एकअर्कासित ठक्कर खाएर माथि उठ्दै गए। अनि केही समयका निम्ति ती स्थिर भए। यो 'स्थिरता' ताण्डव नृत्य जस्तै हुन्छ। आधुनिक विज्ञानको भाषामा लाखौं वर्षअघि 'मियोसीन' कालमा यो घटना घटेको थियो। उत्तरी बिहारको समाजले यस घटनालाई

वराह अवतारको रूपमा सम्झेको छ। भनिन्छ, वराहले डुबिरहेको पृथ्वीलाई आफ्नो थुतुनोले माथि उठाएको थियो। त्यो आज पनि कहिलेकाँही थर्किने गर्छ। सन् १९३४मा एउटा ठूलो भूकम्प आएको थियो। मानिसले यसलाई अहिले पनि बिर्सेका छैनन्।

यहाँको समाजले यी सबै परिस्थितिलाई आफ्नो जीवनशैली र जीवन दर्शनमा बिस्तारै आत्मसात गरेको थियो। प्रकृतिको यो विराट रूप हो। र, यसमा त्यो समाज एक थोपा पानीजस्तो मिसिएको थियो। त्यसमा कुनै घमण्ड थिएन। त्यो यस प्रकृतिसँग खेल्छ र लड्छ। यसको काखमा कसरी बस्न सकिन्छ भन्ने कुरो अभ्यास गरेर उसले राम्ररी बुझेको थियो। त्यस समाजले करोड वर्षको यो लीलामा आफूलाई पाको बनाइसकेको थियो। र, त्यसले हिमालयको त्यो ठिटौलीलाई आफ्नो मस्तिष्कमा राखेको थियो। यसरी त्यो समाजले परिपक्वता प्राप्त गरेको थियो।

तर पछिल्लो सय–डेढ सय वर्षको कुरो हो। हाम्रो समाजले नगर्नुपर्ने सारा काम गरेको छ। यसबाट उसको विनम्र स्वभाव बदलिएको छ। र, त्यसको मनमा थोरबहुत घमण्डसमेत आएको छ। समाजको मनमा नभए पनि नेता र योजनाकार, इन्जिनियर र अधिकारीका मनमा भने यो घमण्ड पक्कै पनि आएको छ। युगौंदेखि समाजले यस्ता तेज तथा वेगले बग्ने नदीका साथ बाँच्ने कला सिकेको थियो। उसले बाढीका साथ बाँच्ने कला पनि जानेको थियो। त्यस समाजले र उसका बालीले बाढ़ीमा डुब्नुको साटो पौडिने कला सिकेको थियो। तर त्यो कला यतिखेर बिस्तारै समाप्त हुँदै छ।

हिमालयबाट उत्तर बिहारमा अनन्त नदीहरू निस्किन्छन्। यसको कुनै गिन्ती छैन। तथापि केही व्यक्तिले तिनको गिन्ती गरेकै छन्। यहाँ यी नदीहरूले दुःख सिवाय अरू केही दिएका छैनन् भन्ने आजका मानिसहरूको गुनासो छ, सोचाइ छ। तर वास्तवमा कुरो अर्कै छ। यी नदीहरूको नाउँ नै हेरौं। कुनै पनि नदीको नाउँको विशेषणमा दुःखको कुनै पर्यायवाची भएको देख्न पाइन्न। मानिसले नदीलाई सधैंभरि देवीका रूपमा पूजा गर्दै आएका छन्। तर यिनको विशेषणलाई अर्कै तरिकाले हेर्‍यौं भने उनमा थरीथरीका शब्द पाइन्छन्। तिनले त्यो समाज र नदीको सम्बन्धलाई बताउने काम गर्छन्। केही नाम संस्कृतबाट राखिएका छन्। यी नाम केही गुण र एक–दुइटा अवगुणमा पनि राखिएका हुन सक्छन्।

यी नदीका विशेषण आभूषणले भरिएको छ अर्थात्  आभूषणकै संख्या बढी छ। र, यसमा हंसुली, अँगुठी र चन्द्रहारजस्ता गहनाका नाउँ छन्। यी गहना गोलाकारमा हुन्छन्। यहाँ यी नदीहरू ओर्लिनेबेला सोझो बग्नुको साटो बाङ्गो–टिङ्गो गोल आकारमा क्षेत्रलाई बाँध्ने काम गरेका हुन्छन्। यिनले गाउँहरूलाई गहना जस्तै सिंगारेका हुन्छन्। उत्तर बिहारका कैयौं गाउँहरू यी गहनाद्वारा सजिएका हुन्थे। यिनको पानीले खुट्टा नधोएर गाउँमा प्रवेश गर्न सकिन्नथ्यो। हाम्रो गाउँको पवित्र धूलो गाउँबाहिर जान सक्दैन र कसैले आफ्नो (सायद अपवित्र) धूलो गाउँमा ल्याउन सक्दैन भन्ने कुरो बडो गर्वका साथ ती गाउँमा बस्नेले बताउने गर्छन्। कतैकतै निकै व्यावहारिक नाउँ राखेको पनि भेटिन्छ। एउटा नदीको नाउँ

गोमूत्रिका राखिएको छ। जस्तै कुनै गाईले हिंड्दा–हिंड्दै पिसाब गर्दछ। र, त्यो पिसाब जमिनमा बाङ्गो–टिङ्गो भएर छाप बस्छ। त्यसरी बाङ्गो–टिङ्गो भएर त्यो नदी बग्छ। यसमा एक–एक नदीको स्वभाव हेरेर मानिसले यसलाई आफ्नो स्मृतिमा राखेका छन्।

यी नदीको स्वभाव आफ्नै किसिमको हुन्छ। र, यिनको पानीमा बगेर बालुवा, माटो लेदो आउने गर्छ। यही कारण नदीको बाटो बदलिरहन्छ। कोसीका बारेमा के भनिन्छ भने पछिल्लो सय वर्षमा यसले १४८ किलोमिटरको क्षेत्रमा आफ्नो धारा बदलेको छ। उत्तर बिहारका दुइटा जिल्लाका इन्चभरि जमिन पनि कोसीले छाडेको छैन जहाँबाट त्यो नबगेको होस्। यस्ता नदीलाई कुनै बाँध वा तटबन्धले बाँध्न सकिन्छ भन्ने कल्पना गर्नु स्वयंमा विचित्र कुरो हो । समाजले यी नदीलाई कहिल्यै पनि अभिशापका रूपमा हेरेन। उसले यिनको बरदानलाई कृतज्ञताका साथै हेरेको थियो। यी नदीहरूले हिमालयको मूल्यवान माटो यस क्षेत्रका दलदलमा ल्याएर निकै ठूलो मात्रामा खेतीयोग्य जमिन छुट्याएको छ। यसैले त्यो समाजले यी नदीहरूलाई बडो आदरका साथ हेर्दै आएको छ। भनिन्छ, यिनै नदीद्वारा ल्याइएको पाँको माटोका कारण नै दरभंगाको सम्पूर्ण जमिन खेतीयोग्य हुन सक्यो। समाजले अपेक्षाकृत कम लेदो भएको इलाकाबाट आउने नदीहरूलाई पनि छाँटेको छ।

यस्तै एउटा नदीको नाउँ खिरोदी हो। भनिन्छ, यसको नामाकरण क्षीर अर्थात् दूधबाट भएको छ। किनभने यसमा सफा

पानी बग्छ। एउटा अर्को नदी छ। त्यसको नाउँ जीवछ राखिएको छ। यो सायद जीवात्मा वा जीव इच्छाबाट बनेको होला। सोनबरसा पनि छ। यी नदीका नाउँमा गुणको वर्ण दिने हो भने कुनै पनि बाढीबाट लाचारी भएको झझल्को पाइँदैन। कतिपय ठाउँमा यी नदीको स्वभावमा लालित्य पनि पाइन्छ।

एकजना मैथिलीका कवि छन्। उनको नाउँ विद्यापति हो। (नेपालको खास गरी तराई भेगमा जहाँ मैथिली भाषा बोलिन्छ त्यहाँ उनको नाउँ खूबै चलेको छ। र, यसैले नेपालको पूर्व–पश्चिम राजमार्गमा पर्ने सिराहा जिल्लाको छपराली चौकमा उनको स्मरणमा एउटा शालिक बनाएर स्थापना गरिएको छ) उनीबारे एउटा बडो सुन्दर कथा प्रचलित छ। एकपल्ट उनी बिरामी परे। उनी प्राण दिने विचार गरेर नदीतिर हिंडे। तर धेरै अस्वस्थ भएका कारणले उनी नदीको किनारासम्म पुग्न सकेनन्। उनले केही परैबाट नदीलाई प्रार्थना गरे, 'हे माता, मेरो साहित्यमा कुनै शक्ति छ, मैले कुनै पुण्यको काम गरेको छु भने मलाई आफूसँगै लैजाऊ।' भनिन्छ, उनको प्रार्थना स्वीकार गरी नदीले कविलाई बगाएर लगेको थियो।

उत्तर बिहारमा नदीहरूले विहार गर्छन्। उनीहरू खेल्छन्, उफ्रिन्छन् र दुगुर्छन्। यो सारा ठाउँ उनीहरूकै हो। यसैले जहाँ गए पनि त्यसलाई ठाउँ फेरेको भनिदैनथ्यो। त्यहाँ समाजको एउटा सरल दर्पण साहित्य थियो। अर्कोचाँहि तरल–दर्पण नदीहरू थिए। यिनै नदीमा त्यो समाजले आफ्नो अनुहार हेर्दथ्यो। र,

नदीका चञ्चल स्वभावलाई बडो शान्त भावले आफ्नो तन, मन र विचारमा उतार्दथ्यो। यसैले त्यहाँ कहिले कवि विद्यापतिजस्ता सुन्दर कथा बन्थे त कहिले फूलपरासजस्ता घटनाहरू दोहोरिन्थे। समाजका निम्ति बालुवामा नदीका छालले लेखिएका यी घटनाहरू बिर्सिने कुरो थिएन। प्रत्येक छालले यिनलाई पक्का शिलालेखमा बदल्ने काम गर्दथ्यो। यी शिलालेख इतिहासमा भेटिएला–नभेटिएला तर मानिसका मन र लोक स्मृतिमा पाइन्थे नै। फूलपरासको कथा यहाँ दोहोऱ्याउनु जाती होला।

एकपल्टको कुरो हो। फूलपरासमा एउटा भुतही नदी थियो। त्यो एउटा ठाउँबाट बाटो बिराएर अर्कोतिर लाग्यो। त्यसपछि त्यस नदीलाई बोलाउनका निम्ति अनुष्ठान गरियो। नदीले बिन्ती स्वीकार गऱ्यो। र, अर्को वर्ष फर्केर आयो। यस्ता कथाकुथुङ्ग्रीको सम्मान भइरहोस् भन्ने समाजको चाहना हुन्छ। मानिसलाई थाहा होस् कि यहाँका नदीले कविको भनाइमा पनि बाटो बदलिदिन्छन्। र, सर्वसाधारण मानिसको आग्रह स्वीकार गरेर आफूले बदलेको बाटो फेरि सुधार गर्छन्। यसैले यी नदीका स्वभावलाई ध्यानमा राखेर जीवन चलाउनुपर्छ। यी सबैबाट बिर्सेका कुरा फेरि स्मरण गरौं भन्ने कुरो सिकौं। यतैतिर हाम्रो ध्यान जानु जरुरी छ।

केही नदीका अनौठा नाउँहरू छन्। हजारौं वर्षको अनुभवबाट यी नामहरू जुराइएका थिए। यिनमा एउटा विचित्रको नाउँ अमरबेली हो। कतै यसलाई आकाशबेल पनि भन्ने गरिन्छ। यस नदीको उद्‌भव र संगम कहींकतै देखिइँदैन। कहाँबाट निक्लेर यो कुन

नदीमा मिसिन्छ यस्तो कुनै निश्चित जानकारी पनि पाइएको छैन। बर्खा याममा यो अचानक प्रकट हुन्छ। र, जसरी रूखमा अमरबेली छाउँछ त्यसरी नै एउटा ठूलो इलाकामा यसका कैयौं धाराहरू देखा पर्छन्। फेरि ती सबै गायब हुन्छन्। अर्को वर्ष यो फेरि त्यही धारामा बग्ला भन्ने कुरो पनि निश्चित हुन्न। एउटा नदी छ। त्यसको नाउँ दस्यु नदी हो। यो एउटा दस्यु अर्थात् डाँका जस्तै छ। यसले अरू नदीले कमाएको जलराशि र त्यसको वैभवलाई हरण गर्ने काम गर्दछ। यसो हुँदा पुरानो साहित्यमा यसको एउटा विशेषण वैभवहरण भएको पनि पाइन्छ।

बोलीचालीको शब्दमा पनि नदीका नाम राखिएका छन्। एउटा नदीको नाम मरेन हो भने अर्कोको नाउँ मरगांग हो। भुतहा वा भुतहीको कथा त माथि उल्लेख गरिएकै छ। धेरैजसो नदीहरू जहाँ पायो त्यहाँ पनि बग्छन्। यस स्थितिमा मानिसले कहिल्यै टसमस नहुने नदी पनि खोजेका थिए। त्यसको नाउँ धर्ममूला राखियो। त्यतिबेला समाजमा यस्ता समझदार भूगोलविद्हरू थिए। हिजोआज एउटा कुरा भन्नैपर्छ। त्यो हो भुँवरी। ती सबै छिन्नभिन्न भइसकेका छन्। यहाँ नदी जीवन्त छन् र कहिलेकाँही ती लोप पनि हुन्छन्। ती भूत पनि बन्छन् र मर्छन् पनि। यस्तो हुनुको खास कारण पनि छ। माथिबाट आउने लेदोले भराइ र धसाइ यी दुइटा गतिविधि गर्छन्। लेदोले यी गतिविधि बडो वेग र तेजले चलाउँछ। यसैले त्यहाँको सतहको रूप हरेकपल्ट बदलिरहन्छ।

धेरै साना –साना नदीहरूको वर्णन गरिएको कुरो पनि कतै सुनिन्छ। कहिलेकाँही यिनमा ठूलो भुँवरी उठ्छ। त्यसले हात्तीलाई

समेत डुबाइदिन सक्छ। यिनमा ढुङ्गा र चट्टानका ठूल्ठूला टुक्रा आउँछन्। र, ती टुक्राहरू आपसम्मा ठोक्किएर यसको आवाजले दिशाहरू पनि बहिरा हुन सक्छन्। केही नदीमा बर्खा याममा धेरै गोही आउँछन्। त्यतिबेला उनका शिर र थुतुनो गुँइठाझैं पौडिरहेकाजस्ता देखिन्छन्। यी नदीहरू एकअर्कासित बढी मिसिन्छन्। यिनले एकअर्काको पानी लिन्छन् र दिन्छन पनि। यसरी लेन–देनको एक किसिमको खेल भइरहन्छ। तर अहिले हामीले यसलाई बाढीमा बदलिदिएका छौं। होइन भने, यहाँका मानिसले यस खेललाई अर्कै तरिकाले हेर्ने गर्दथे। उनीहरूले बाढीको प्रतीक्षा गर्दथे।

समाजले यिनै नदीका बाढीको पानी छेकेर ठूल्ठूला पोखरीमा भर्थे। र, यसबाट बाढीको उर्लदो वेग कम हुन्थ्यो। एउटा पुरानो पद भेटिएको छ 'चारकोसे झाडी'। (नेपालमा पनि यो चारकोसे झाड़ी थियो)। यसबारे आजभोलिका मानिसलाई त्यति थाहा छैन। पुराना मानिसबाट यस्तो जानकारी एकत्र गरेर यहाँको इलाकाको स्वभाव बुझ्नुपर्छ। चारकोसे झाडीको केही भाग सायद चम्पारणमा बचेको छ। भनिन्छ, पूरै हिमालयको तराईमा चार कोसको चौडाइ भएको एउटा घना जंगल बचाएर राखिएको थियो। यसको लम्बाइ पूरै बिहारमा एघार–बाह्र सय किलोमिटरसम्म थियो। यो पूर्वी उत्तर प्रदेशको तराई क्षेत्रसम्म थियो। चार कोस चौडाइ र त्यसको लम्बाइ हिमालयको फेदीसम्म थियो। हिजोआज खर्चिला र अव्यावहारिक तटबन्ध बनाइँदै छन्। यसको साटो यो विशाल वन–बाँधले बाढीमा आउने नदीलाई छान्ने काम गर्दथ्यो। त्यतिखेर

पनि बाढी आइरहन्थ्यो। तर त्यसको मारक क्षमता अहिलेजस्तो थिएन।

पच्चीस सय वर्षअघिको एउटा संवाद प्राप्त भएको छ। त्यसमा बाढीबारे केही वर्णन गरिएको छ। यो संवाद भगवान बुद्ध र एउटा गोठालोबीच भएको संवाद हो। एकदिन भगवान बुद्ध त्यो गोठालोको घर पुगे। आकाशमा कालो बादल छाएको थियो। गोठालोले बुद्धसित भन्दै थियो। 'मैले आफ्नो छाप्रो तयार गरिसकेको छु, गाईबस्तु किलोमा बलियो गरी बाँधी हालें, बालीनाली काटिसकिएको छ। अब बाढीको कुनै डर छैन। अब जति पानी परे पनि परोस्। दर्शन गरेर नदी देवी गइहाल्छिन्।' त्यसपछि भगवान बुद्धले गोठालोलाई भन्न थाले 'मैले तृश्णाको डुंगा खोलिदिएको छु। अब मलाई बाढीको कुनै डर छैन। त्यो एउटा साधारण गोठालो थियो। युगपुरुषले नदी किनारास्थित उसैको छाप्रोमा रात बिताएका थिए। त्यो राति कुनै पनि बेला बाढी आउन सक्थ्यो। तर दुवै निष्चिन्त थिए। हिजोआज के यस्तो संवाद बाढी आउनुभन्दा ठीक पहिले हुन पाउला?

यी सारा कुराबाट त्यतिखेरका मानिस पानी र बाढीसित खेल्न जान्दथे भन्ने कुरो छर्लङ्ग हुन्छ। यहाँको समाज बाढीमा पौडिन जान्दथ्यो। यस सम्पूर्ण इलाकामा ह्रद र चौरा वा चौर दुई शब्द ठूला पोखरीका निम्ति प्रयोग गरिन्थ्यो। यहाँ पुराना र ठूला पोखरीको वर्णन प्रशस्त पाइन्छ। दरभंगामा एउटा ठूलै पोखरी थियो। वर्णन गर्नेहरूले त्यसलाई अतिशयोक्तिसम्म पुऱ्याए। त्यसका निर्माताले अगस्त्य मुनिलाई समेत चुनौती दिएका थिए। 'तिमीले

समुद्रको पानी पिएर सुकाइ दिएका थियौ। अब हाम्रो यो पोखरीको पानी पिएर सुकाइ देऊ, तब बुझौंला।' यसै पनि त्यो पोखरी समुद्रजत्रो हुने कुरै भएन। यो कुरो त्यहाँका मानिसलाई पनि थाहा थियो। तर उनीहरूले यति ठूलो पोखरी बनाउन पनि सक्छौं भन्ने एउटा खेल नै खेलेका थिए।

उन्नाईसौं शताब्दीसम्मको कुरो हो। त्यहाँका ठूल्ठूला पोखरीका थुप्रा कुरा चलिरहेकै थिए। त्यहाँका चउरमा पनि बाढीको अतिरिक्त पानी थुन्ने काम गरिएको थियो। परिहारपुर, भवारा र आलापुर आदि क्षेत्रमा दुई–तीन माइलका लम्बा–चौडा पोखरीहरू थिए। त्यहाँ पर्याप्त जलराषिले भरिएका ठूल्ठूला पोखरीहरू थिए। ती पोखरीले बेकारमा यतिका ठाउँ ओगटेको छ र तिनलाई सुकाएर त्यहाँको जमिन खेतीका निम्ति उपलब्ध गराउनुपर्छ भन्ने सोचाइ अधिकारीहरूको थियो। उनीहरू यस कार्यमा सफल पनि भए। यसरी एकातिर हाम्रा दुई–चारवटा खेतहरू अवश्य बढे। तर अर्कोतिर हामीले सायद १००–२००वटा खेत बाढीलाई भेटी चढायौं। त्यसअघि ती ठूल्ठूला पोखरीले त्यहाँ बाढीको पानी रोक्ने काम गर्दथे ।

हिजोआज अङ्ग्रेजीमा 'रेन वाटर, हारभेस्टिंग' शब्द चलनचल्तीमा आएको छ। यस किसिमको पूरा ढाँचा उत्तर बिहारका मानिसले बनाएका थिए। त्यो फ्लड वाटर हारभेस्टिंग सिस्टम थियो। त्यसैसँग यिनीहरूले यो खेल खेलेका थिए। त्यतिबेला पनि बाढी आउँथ्यो। तर उनीहरूले बाढीको मारलाई कमभन्दा कम

गर्न जान्दथे। पोखरीसम्बन्धी यहाँ एउटा विशेषण छ–नदिया ताल। यसको अर्थ हो – त्यो ताल बर्खाको पानीबाट नभरिएर नदीको पानीबाट भरिन्थ्यो। देशभरि नै वर्षाको पानीले भरिने पोखरीहरू पाइन्छन्। तर यहाँ हिमालयबाट बग्ने नदीले धेरै पानी लिएर आउँछ। यसैले नदीबाट भर्ने पोखरी बनाउनु ज्यादा व्यावहारिक हुन्थ्यो। नदीको पानीलाई बिस्तारै कहीं न कहीं छेक्दै–छेक्दै उसको क्षति पुऱ्याउने क्षमतालाई उपकारमा बदल्दै गंगामा मिलाउने काम गरिन्थ्यो।

हिजोआजका नयाँ मानिसले समाज अनपढ र पछौटे छ भन्ने सोचेका छन्। यिनीहरूको यस्तै मान्यता रहिआएको छ। नयाँ भनाउँदा मानिस यस्ता दम्भी छन्। उत्तर बिहारबाट निक्लिने बाढी पश्चिम बंगाल हुँदै बंगलादेश पुग्छ। एउटा मोटामोटी अनुमान यस्तो छ। बंगलादेशमा जति कुल जलराशि जम्मा हुन्छ त्यसको दश प्रतिशत मात्र यस देशले बादलबाट प्राप्त गर्दछ। त्यसले नब्बे प्रतिशत पानी नेपाल, बिहार आदि ठाउँबाट बग्ने नदीहरूबाट पाउँछ। त्यहाँ तीनवटा ठूला नदीहरू गंगा, मेघना र ब्रम्हपुत्र छन्। यी तीनवटै नदीहरूले नब्बे प्रतिशत पानी त्यस देशमा लैजान्छन्। र, त्यहाँ बाँकी दश प्रतिशत पानी बर्खे पानीबाट प्राप्त हुन्छ। युगौंदेखि त्यस देशको समाजले नदी र संगम छेउमा बस्न जानेको थियो। त्यहाँ नदीहरू कैयौं टाढासम्म फैलिएका हुन्छन्। हामीकहाँ एक छेउदेखि अर्को छेउसम्म हेर्न सकिनेजस्ता नदी त्यहाँ हुँदैनन्। त्यहाँका नदीहरू त क्षितिजसम्म पुग्छन्। त्यो समाज ती नदीको किनारामा बाढीसँग खेल्न मात्र जान्दैनथ्यो बरु उसलाई आफ्नो

निम्ति उपकारी बनाउन पनि जान्दथ्यो। यसैबाट उसले राम्रो फसल उब्जाउँथ्यो। यसैले बंगलादेशलाई सोनार बंगला (सुनौलो) भनिएको थियो।

तर चारकोसे झाडी बिस्तारै समाप्त हुँदै गयो। ह्रद र चउर लोप भए। पहिले थोरै जग्गामा राम्रो खेती गरिन्थ्यो। तर अहिले लोभले गर्दा ठूलो फाँटमा खेती गरेर हेर्ने कोशिश गरियो। र, परिणामस्वरूप अब हामी बाढीमा डुब्दै छौं। पहिले बस्ती कहाँ बनाउने, कहाँ नबनाउने यसको लागि कडा अनुशासन हुन्थ्यो। चौरीमा खेती मात्रै गरिन्थ्यो, बस्ती बसाइन्नथ्यो। यस किसिमका नियम यतिखेर टुटिसकेका छन्। आवादीको दबाबले होस् वा अन्य अनियन्त्रित विकासका कारणले होस्, अहिले नदीको बाढीको बाटोमा भए भरका सरसामान राख्न लागेका छौं, आ–आफ्ना घर बनाउन थालेका छौं। यसैले नदीहरूको दोष छैन। यदि हाम्रो पहिलो खुड्किलोसम्म पानी भरिन्छ भने यसको एउटा ठूलो कारण त्यसको बाटोमा विकास गर्नु पनि हो।

पछिल्लो एक–दुई सय वर्षमा अर्को एउटा ठूलो काम भएको छ। त्यो हो– तटबन्ध र बाँधको काम। यहाँ साना–ठूला सबै किसिमका बाँधहरू बनाइएका छन्। तर यी नदीहरूका स्वभाव नबुझेर नै ती बनाइएका छन्। नदीको धारा यताबाट उता नजाओस् भनेर हामीले एउटा नयाँ नचाँहिदो विकास योजना शुरु गरेका छौं। त्यसलाई तटबन्ध भनिन्छ। यी बंगलादेशमा पनि बनाइएका छन्। र, यिनको लम्बाइ सयकडौं मीलसम्म छ। त्यसपछि के भो?

यिनबाट बाढी रोकिइनुको सट्टा बढेको छ, नोकसान नै बढी भएको छ। यिनबाट एउटै उपकार भएको पाइन्छ। त्यो हो–एउटा ठूलो क्षेत्रको आवादी डुबानबाट प्रभावित भयो भने मानिस यी तटबन्धमा शरण लिन आइपुग्छन्। बाढीबाट बचाउने योजना यतिखेर ती सिर्फ शरणस्थलीमा परिवर्तन भएका छन्। यी सबका बारे सोच्नुपर्छ। तटबन्ध व्यावहारिक छैन भन्ने कुरो धेरै अघिदेखि भनिरहेकै कुरो हो। यो कुरो सबैलाई थाहै छ। पछिल्लो सय–डेढ सय सालमा हामीले तटबन्ध सिवाय अरू कुनै कुरोमा पैसा लगाएनौं, ध्यान दिएनौं। यही नै दुर्भाग्यको कुरो हो।

बाढी अर्को साल पनि आउनेछ। यो पाहुना होइन। यो आउने तिथि निश्चित छ। र, त्यतिखेर हाम्रो समाज यससँग खेल्न सिपालु थियो। तर यतिखेर हामी बढी विकसित हुँदै छौं। हामीले यसको तिथिमिति बिर्सिंदै छौं। र, यसको स्वभाव के हो यसबारे पनि भुल्दै छौं। यसै वर्षको कुरो हो। भनिन्छ, बाढी पीडितका लागि भनेर हेलीकप्टरबाट खानाको प्याकेट खसाउँदा चौबीस करोड खर्च भयो रे। सायद यसबाट दुई करोड रुपैयाँको रोटी र तरकारी बाँडिएको थियो। योभन्दा राम्रो के हुन्थ्यो भने चौबीस करोडको हेलीकप्टरको साटो हामीले कमसे कम बीस हजार डुंगाहरू तयार राख्नुपर्ने थियो। माझी, बोटे र मल्लाहलाई सम्मानका साथ यस काममा लगाउनुपर्ने थियो। यो समाज नदीको काखमा हुर्केको–बढेको समाज हो। यसलाई बाढी डरलाग्दो लाग्दैन। यसले बाढीलाई आफ्नो घर र परिवारको सदस्य जस्तै ठान्छ। यदि हामीले बीस हजार डुंगा दिएको भए उनीहरूले यिनलाई

आफ्नै घरको सदस्य जस्तै ठान्थे होलान्। ठीकै छ, यस वर्ष भएन रे! तर अर्को वर्ष त होला नि। डुंगाहरू तयार हुनुपर्छ। उनका नाविक तयार हुनुपर्छ। उनीहरूको रजिष्टर तयार हुनुपर्छ। ती सब त्यहाँका जिल्लाधिकारी वा कुनै प्रमुख संस्था वा संगठनलाई त्यसको जिम्मा दिनुपर्छ। राहतका सामग्री कहाँ राख्ने र कहाँ–कहाँ पुऱ्याउनुपर्ने हो यसको तयारी गर्नुपर्छ। त्यसपछि मात्र चौबीस करोड रुपैयाँ खर्च गरिने हेलीकप्टरको साटो सायद एक वा दुई करोडमा गर्न सकियोस्। र, यसको एक–एक पैसाको हिसाब सबैले थाहा पाउनुपर्छ।

बाढी अहिले मात्रै आएको होइन। यसबारे धेरै पहिलेका साहित्यतिर नजाऔं। यस सम्बन्धमा देशका पहिला राष्ट्रपति राजेन्द्र बाबुको आत्मकथा पढे पुग्छ। त्यसमा छपराको भयंकर बाढीको उल्लेख गरिएको छ। भनिन्छ, त्यतिबेला छपरामा एक घण्टा मै छत्तीस इन्च पानी परेर पूरै जिल्ला डुबान भएको थियो। त्यतिबेला पनि राहतको काम गरियो। तैपनि प्रशासनले केही खास सहयोग गरेन भन्ने आरोप लागेको थियो। हिजोआज पनि यस्तै आरोप लगाइँदै छ। यसै पनि त्योबेला सरकारभन्दा बढी अघि सरेर कार्यकर्ताहरूले काम गरेका थिए। यसमा चित्र फेरिएनन्। ठूला नेताका आत्मकथामा यस किसिमका पंक्ति लेखिनेछन् र अखबारमा पनि यस्तै छापिनेछन। तर हामीले विशेष कुरा देखाउनुपर्ने छ। खास गरी नेपाल, बिहार, बंगाल र बंगलादेश सबै मिलेर एक साथ वार्ता गर्नुपर्छ। बाढीबाट  मुक्ति पाउने पुराना तरिका के थिए भन्नेबारे आफ्नो स्मृतिमा तिनलाई फेरि ल्याउनुपर्छ। त्यसलाई

बुझ्नुपर्ने छ र तिनलाई नयाँ व्यवस्थाअनुसार हामीले कसरी ज्यूँकात्यूँ वा केही सुधार गरेर अपनाउन सक्छौ यसमा ध्यान दिनुपर्छ।

एकजना बंगालका प्रमुख इन्जिनियर श्री एस.सी. मजुमदार थिए। उनले पनि बंगालका नदीबारे निकै अध्ययन गरेका थिए। यिनी नदीहरूलाई बुझ्नु–जान्नुपर्छ भन्ने उनको भनाइ थियो। र, यो कुरो उनले बारम्बार भनिरहन्थे। भारत स्वतन्त्र भएपछि यसै क्षेत्रमा दामोदर नदीमा बाँध बनाइँदै थियो। त्यस विभागमा काम गर्ने इन्जिनियर श्री कपिल भट्टाचार्यले पनि प्रायः यिनै कुराको भविष्यवाणी देशका सामुन्ने गरेका थिए। श्री दिनेश कुमार मिश्रजस्ता इन्जिनियरले पनि यस्तै कुरा समाजका माझ राख्दै छन्। यस वर्षको बिहारको बाढ़ीले एकपल्ट फेरि यी कुरालाई कहिले बुझ्नेछौ भन्ने कुरो जोर लगाएर भन्दै छ।

प्रारम्भमा अङ्ग्रेजहरूले यहाँ नहर, पानी र तटबन्धसम्बन्धी काम गरेका थिए। त्यतिबेला पनि एकदुई जना सहृदय, समझदार र यहाँको माटो चिन्ने र बुझ्ने अधिकारीहरू थिए। यहाँ पानीसम्बन्धी जेजति काम गरियो त्यसबाट यहाँको क्षेत्र सुध्रिनेको साटो बढी बिग्रिएको छ भन्ने निचोड उनीहरूको थियो। यस किसिमका तथ्य हाम्रा पुराना दस्तावेजमा समावेश गरिएका छन्। भारतमा एउटा नहर छ। त्यो बनाइएको नहरको नदी किनारामा एउटा पाल बनाइएको थियो। सन् १८५३ मा सर विलियम विलकाक्स त्यही पालमा जन्मेका थिए। उनी एउटा अङ्ग्रेज इन्जिनियर थिए। सन् १९३० मा उनले कलकत्ता विश्वविद्यालयको प्राङ्गणमा यस विषयका

तीनवटा भाषण गरेका थिए। त्यतिखेर उनको उमेर ७७ वर्षको थियो। उनले मिश्रजस्तो मरुभूमिका साथै बिहार र बंगालजस्ता विशाल नदी भएका प्रान्तमा पनि पानीसम्बन्धी काम गरेका थिए। विकासका नाउँमा यी भेगमा गरिएका कामले बाढ़ी झन् बढ़ेको छ, घटेको छैन भन्ने विचार सर विलियमको थियो। र, उनले यो कुरो बाँचुन्जेल भनिरहेकै थिए। यी सबैलाई एकसाथ सम्झिनु र बुझ्नु जरुरी छ। र, यिनैमा टेकेर फेरि कुनै बाटो निकाल्नुपर्छ। यदि यो भएन भने उत्तर बिहारको प्रश्न हमेसा रहिरहने छ। र, हामीले त्यसको उत्तर खोज्न पाउनेछैनौं। तर यो कुरो बुझ्यौं भने मात्र कुनै सही बाटो निस्किनेछ। यो पक्का कुरो हो।

# २.
# अनिकालः कार्य र विचार

आगो लागेपछि कुवा खन्ने यो पुरानै उखान हो। अनिकालको आगो लाग्यो। सरकार र समाज दुवैले समेत कुवा खन्न शुरु गरे। उखानअनुसार कुवा खनेपछि सायद पानी निस्किन्छ। तर यसपटक कुवा खनेर त्यो पनि निस्केन। यसैले होला, यसबेला टैंकर, रेलगाडी र पानीजहाजबाट समेत पानी गुजरातमा पुऱ्याइयो। यसरी पानी ल्याउनेमा एउटै साधन छुट्यो। त्यो हो–हवाईजहाज।

पछिल्लो बीस वर्षदेखि सबै पार्टीका नेताहरू देशलाई एक्काईसौं–शताब्दीमा पुऱ्याउन आतुर थिए। तर यो एक्काईस शताब्दीको नै पहिलो अनिकाल हो। नयाँ देश बनाउनका लागि क्रान्तिको ठूलै होहल्ला हुँदै थियो। तर त्यस क्रान्तिका महान दूत र सपुतहरूलाई खबर नगरेर देशको आधा भागमा अनिकाल एक्कासि थाहै नदिएर आएको छ।

तर वास्तवमा अनिकाल कहिल्यै पनि त्यसै आउँदैन। म त्यो दिन आउँछु भनेर आउने त्यो पाहुना पनि होइन। दिसेम्बर महिनाको अन्ततिरको कुरो हो। त्यतिखेर मनसुन स्वयं समेटिएको थियो। त्यतिबेला नै यसले कहाँ–कहाँ कम औसतभन्दा कम पानी परेको

छ भन्ने सूचना र जानकारी दिइसकेको थियो। तर किसान र कलेक्टर (प्रमुख जिल्ला अधिकारी) दुवैले यतातिर ध्यान दिएनन्। यो साँच्चो कुरो हो। हरेक ठाउँमा खनेर सिंचाइ गर्ने पानीको खुला हातले खर्च भइरह्यो। यसैको परिणामस्वरूप छ–सात राज्यहरूमा जलस्तर लगातार खस्किरह्यो। यसले गर्दा बिजुली बत्ती पनि बल्न सकेन।

यतिखेर चारैतिर अनीतिको दौड चल्दै छ। सरकारले जलनीति बनाउनेतिर ध्यान दिएकै छ। यस जलनीतिको मस्यौदा अनिकाल पर्नुअघि तयार भइसकेको थियो। एउटा कुरो यहाँ मनन गर्ने योग्य छ। जुन टेबुलमा बसेर जलनीति तयार गरियो त्यही टेबुलमा बसेर सारा नदीलाई एकअर्कासित जोड्ने नीति पनि बनाइएको छ। यो कुरो बिस्तारै जनतामाझ आउँदै छ। र, यो निकै खर्चिलो, भयंकर एवं अव्यावहारिक योजना हो भन्ने खबर पनि लगातार जनसमुदायबीच आइरहेकै छ। यस्ता चर्चा र वार्तालाई अनिकालले असामाजिक र असामयिक बनाउन सकेको छैन। जिम्मेवार मानिस र मन्त्रीगण यस्ता फाल्तू कुरामा व्यस्त छन्। यस्तालाई के नै भन्न सकिन्छ र!

अनिकाल त्यसै कहिल्यै आउँदैन। यो कुरो हामीले कहिल्यै बिर्सिनु हुँदैन। यसभन्दा पहिले राम्रा– राम्रा विचार र कामको अभाव हुन्छ। यहाँ विचार र काम दुवैमा कुनै फरक छैन। यो हिजोआजको नयाँ शब्दावलीभन्दा फरक छ। यसमा एक्शन, फिल्ड वर्क, र ग्रास रूटको काम केही बढी महत्त्व र गह्रौं भएजस्तो

लाग्छ। तर यसलाई तल्लोस्तरको कामजस्तो मानिन्छ। यही कुरो नै बुझ्नु जरुरी छ। तर यसको उल्टो राम्रो कामबाट नै राम्रो विचार निस्किन्छ। र, राम्रो विचारबाट राम्रो कामको थालनी हुन्छ। यी दुईमध्येबाट कुनै पनि 'टर्मिनेटर सीड' हुँदैन।

अनिकाल पर्दछ। यसबीच राम्रा–राम्रा काम र विचारको एउटा सुन्दर तर सानो उदाहरण पनि दिन सकिन्छ। राजस्थान एउटा प्रान्त हो। र, यस प्रान्तमा अलवर भन्ने एउटा जिल्ला छ। त्यहाँ 'तरुण भारत संघ' ले पछिल्लो बीस वर्षदेखि काम गर्दै छ। सर्वप्रथम त्यहाँका पोखरी, नदीनाला र साना–साना बाँधहरूलाई बाँधने राम्रो विचार त्यहाँका मानिसको मन–मस्तिष्कमा पलायो। यसरी त्यहाँ र त्यस वरिपरि अरू जिल्लाका करिब ६०० गाउँलेले बर्खाको एक–एक थोपा पानी जम्मा गर्ने काम गरे। यसरी त्यहाँका पोखरी र नदी पानीले भरिए। र, तिनले त्यहाँ सुकेका पाँचवटै नदीहरूलाई सदानीरा अर्थात् तिनमा सधैंभरि पानी भइरहने दर्जा फिर्ता गरे।

राम्रो विचारले राम्रै काम गऱ्यो। र, त्यसपछि अनिकालको पहिलो खबर आयो। यो एउटा चुनौती नै थियो। त्यतिखेर पनि त्यहाँका पोखरी, कुवा र नदीमा पानी भरिएकै थियो। पानी कम परेको छ। यसैले पानी धेरै चाहिने फसल छर्नु हुँदैन भन्ने कुरो निर्णय गरियो। यसैले थोरै पानी चाहिने फसल लगाइयो। यसमा उनीहरूलाई थोरबहुत आर्थिक नोकसान भयो नै होला।

तर आज यो क्षेत्र अनिकालबीच एउटा हरियो द्वीपझैं उँभिएको छ। यसो हुँदा यहाँ सरकारलाई टैंकरबाट पानी ल्याउनुपरेको

छैन। अनिकाल राहतका लागि पैसा पनि बाँड्नुपरेको छैन। यसरी त्यो गाउँ र त्यहाँका मानिसलाई कसैका अघि हात थाप्नु परेन। यसैले उनीहरूको शिर ठाडो भएको छ। त्यहाँ पानीसम्बन्धी निकै राम्रो काम गरिएको थियो। यसो हुँदा यसले उनीहरूको स्वाभिमानलाई पनि रक्षा गरेको छ।

अलवरमा नदीलाई एकअर्कोसित जोडाइएको छैन। त्यहाँका मानिस नदी र पोखरीसित जोडिएका छन्। त्यहाँ पैसा नबगाएर पसिना बगाइएको छ। मानिसका राम्रा–राम्रा काम र विचारले अनिकाललाई एउटा दर्शकझैं पाल (पोखरीको डिल) मा उँभ्याइएको छ।

# ३.
# लापोडिया र गौचरन

भारतको जयपुर जिल्लामा एउटा सानो गाउँ छ। त्यस गाउँको नाउँ लापोडिया हो। त्यहाँ विगत ६ वर्षसम्म लामो अनिकाल परिरह्यो। यसले गर्दा त्यसका आसपासका सारा गाउँहरू दुःखी र पीडित थिए। तर त्यस अनिकालको असर लापोडियामा परेन। त्यसको शिर ठाडो भइरह्यो। त्यसमा घमण्ड थिएन। त्यो विनम्र देखिन्छ। उसले ६ वर्षको अनिकालसित जुध्नुको सट्टा त्यसैसित जिउने तरिका खोज्ने प्रयास गर्‍यो। त्यहाँका गाउँलेहरूले अनिकाललाई बिर्सेर जमिनमुनिको पानी पहिल्याउन परिश्रम गरे। उनीहरूको मेहनत खेर गएन। अनिकालको समयसमेत बित्यो। तैपनि त्यहाँका मानिसले लापोडियालाई आफ्नो पसिनाले सिंचेर त्यसलाई हरियो–भरियो बनाएकै छन्।

कुनै पनि समाज शून्यमा जीवित रहन सक्दैन। उसले आफ्ना मान्छे, गाईबस्तु, जमिन, बोटबिरुवा, कुवा, पोखरी र खेतबारीका निम्ति प्रबन्ध गर्नैपर्छ। तर त्यो व्यवस्था समयसिद्ध र स्वयंसिद्ध भएको हुनुपर्ने छ। सबै सदस्यहरूद्वारा समय सापेक्ष व्यवस्था बनाइने गरिन्छ। त्यसलाई फेरि सबै मिलेर स्याहार – सुसार गरी

व्यापक बनाइन्छ, मजबुत गरिन्छ। यस किसिमका अनुशासन एक पुस्ताबाट अर्को पुस्तामा सारिन्छ। एउटा पीढी समाप्त हुन्छ। र, अर्को परिपक्व पीढी फेरि अघि सर्दछ। यस धरोहरलाई आत्मसात गर्दै सामाजिक जीवन निर्बाध गतिले चलिरहन्छ।

पछिल्लो दुई सय वर्षमा हामीकहाँ निक्कै उथलपुथल भयो। हाम्रो समाज खास नियम र अनुशासनअनुसार चल्दै थियो। तर त्यो उथलपुथलका कारण ती नियम र अनुशासन बिग्रिए। त्यतिखेर समाजलाई टिकाउने र सञ्चालित गर्ने एउटा खास किसिमको व्यवस्था थियो। नयाँ विचारले त्यसको प्रतिष्ठामा आँच पुऱ्यायो, त्यसलाई नष्ट गऱ्यो र ध्वस्त पाऱ्यो। यसको साटो कुनै अर्को प्रभावकारी व्यवस्था अघि सारिएन। लापोडिया कुनै अनौठो गाउँ थिएन। त्यस उथलपुथलको आँधी सामुन्ने त्यो पनि उँभिरहन सकेन, टिकेन। त्यहाँ पनि साधनको कमी, गरिबी र लाचारी थियो। यसका सामु ऊ पनि नतमस्तक थियो।

## मूल जरोको चिनोट

समय सदाझैं एउटै हुन्न। हिजोआज लापोडियाको शिर फेरि ठाडो भएको छ। त्यहाँ आफ्ना मूल स्रोतलाई चिन्ने, र तिनलाई खोज्ने यात्राको थालनी गरियो। र, यस यात्राको एउटा लामो कथा पनि छ। प्रकृतिअनुसार कुनै पनि कामको फल धैर्यबिना पाइँदैन। त्यो गाउँले हार खाइसकेको थियो। त्यहाँका खेतबारी उजाड भइसकेका थिए। गौचरन पनि सकिसकेको थियो। त्यसमा पनि कतैकतै कसैको कब्जा थियो। त्यहाँ पुराना दुइटा पोखरीहरू

थिए। ती पनि पाल (पोखरीको डिल) भत्केर बिग्रिसकेका थिए। त्यहाँ भयंकर दयनीय स्थिति थियो। त्यहाँका बासिन्दा विरक्तिएर ८० किलोमिटर टाढा पर्ने जयपुर शहरमा बसाइँ सर्न लागे। यसरी उनीहरूले आफूलाई बचाउने प्रयत्न गरेका थिए। कुनैबेला त्यहाँको परिवारले पूरै गाउँको व्यवस्था सम्हालेको थियो। तर अहिले खराब समय चल्दै गयो। त्यो परिवारका सिपालु सदस्य पनि आफ्नो गाउँ छोडेर नोकरी गर्न हिंडे। यिनैमध्ये एकजना लक्ष्मण सिंह थिए। उनी ठाकुर परिवारमा जन्मेका थिए। उनीलाई आदरका साथ 'बनाजी' भनिन्थ्यो। उनी पनि विरक्तिएर त्यहाँबाट टाढा कतै गइसकेका थिए।

तर त्यस लापोडियालाई बनाजीबाट ठूलै काम गराउनु थियो। अलवर जिल्लामा एउटा संस्था 'तरुण भारत संघ' ले काम गर्दै थियो। सन् १९८८मा बनाजीको त्यस संस्थासित सम्पर्क भयो। यसअघि उनी नेहरू युवा केन्द्रको काममा संलग्न थिए। यो केन्द्र भारत सरकारको खेल र युवा मन्त्रालयद्वारा सञ्चालन गरिएको थियो। उनले यसैका माध्यमले आफ्नो गाउँका युवकहरूलाई संगठित गर्ने विचार गरे। त्यसपछि उनले 'ग्राम विकास नवयुवक मण्डल' स्थापना गरेका थिए। (हुन त यस्ता मण्डलहरू छ्यापछ्याप्ती थिए। तर यिनले कुनै नयाँ काम पनि गर्न सकेका थिएनन्।) सन् १९८४ अघिको कुरो हो। लक्ष्मणजीले युवकहरूको संगठन खोलेर श्रमदानका माध्यमले लापोडियामा केही काम गरेका थिए। यसबाहेक उनले छेउछाउका अरू १० ओटा गाउँमा पनि आफ्नो समय लगाएका थिए। उनले बालबच्चाहरूका निम्ति एउटा स्कुल पनि चलाएका थिए।

लक्ष्मण सिंहले 'तरुण भारत संघ' का राजेन्द्र सिंहजीका साथ काम गरेका थिए। यसैले उनले अनिकालबाट उजाड भइसकेको गाउँको पानीबारे बुझ्न थाले। उनले जीवनलाई खुसी पार्ने रहस्य जान्न लागे। आफ्नै गाउँमा फर्केर यो रहस्य खोज्नुपर्छ भन्ने सोचाइ उनको थियो। र, यही सोचेर उनी लापोडिया फर्के। उनी गाउँ फर्केपछि त्यहाँको पुरानो वैभव फेरि फर्किन थाल्यो।

## धर्तीको पूजा

हुन त लक्ष्मण सिंह गाउँ छोडनुअघि खेलकुदमा लागेका थिए। उनले यसैका माध्यमले युवकहरूको एउटा संगठन बनाएका थिए। यसैलाई आधार बनाएर उनले ग्राम सेवा र ग्राम विकासको काम गर्न शुरु गरे। सन् १९८४मा यस्तै काम गर्दागर्दै उनी गाउँबाट बाहिरिएका थिए। ती काम गर्नका निम्ति उनीसित पैसा र बजेट केही पनि थिएन। त्यतिखेर सार्वजनिक कार्य कसरी गरिन्छ यसबारे खासै समझदारी पनि थिएन होला। किनकि मानिसले ती काम गर्न छोडिसकेका थिए। तिनै कार्यलाई फेरि बिस्तारै गर्ने वातावरण बनाउनु आवश्यक थियो। यसमा पशु सेवा र खेती पनि थिए। यसका निम्ति पानीको बन्दोवस्त गर्नु जरुरी थियो। कुनैबेला त्यहाँको चौकको सरसफाइलाई उपेक्षा गरिएको थियो। अब उनले त्यही चौकको सफाइ गर्न थाले। उनले दिनभरि नै यताउता छरिएका गोबर बटुल्थे। र, उनले बटुलेको गोबरलाई राति खेतबारीमा राख्दथे। उनले सोत्तर र फोहरबाट प्राङ्गारिक मल बनाउने काम पनि गर्दथे। यो काम गर्दा उनका मित्र श्री राम अवतार कमावतले पनि साथ दिएका थिए। यसबाहेक यिनीहरूले

सधैंजसो गाउँका भत्केका पोखरी कसरी ठीक गर्ने हो यसबारे पनि सोचिरहन्थे। तर उनीहरूको बुझाइ र क्षमताभन्दा यो बाहिरको कुरो थियो। यिनीहरू सधैंजसो गाउँका भत्केका पोखरी वरिपरि घुमिरहन्थे।

तर सन् १९८२ मा एकदिन उनीहरूले कोदालो र फरुवा बोके। अनि उनीहरूले ठूला पोखरीलाई मरम्मत गर्न कम्मर कसे। त्यसलाई पोखरीलाई ठीक गर्न कति वर्ष लाग्ने हो भन्ने कुरो उनीहरूलाई थाहा थिएन। यसरी केही हुन्न भन्ने कुरो मानिसहरूले उनीहरूलाई सम्झाए। तर उनीहरूले काम गर्न भने छाड़ेनन्। लापोडियामा एकजना प्रतिष्ठित पुजारी थिए। उनको नाउँ स्वामी सियारामजी थियो। यिनी पनि धर्तीको यस पूजामा सरिक भए। त्यसपछि श्री श्योकरण बैरवा पनि यस काममा लागे। चारैजना मिलेर दिनभरि माटो खन्थे। र, एकएक टोकरी माटो उठाएर यिनीहरूले पाल (पोखरीको डिल) मा राख्थे। त्यसपछि एक–दुई पीढीदेखि भत्केको पोखरीको डिल अग्लिदै गयो। केही दिनपछि यिनीहरूको मेहनत र धैर्य देखेर त्यहीं गाउँका पन्द्र–बीसजनाले पनि यस काममा साथ दिन थाले। एकबाट दुई र दुईबाट बीस भए। र, पहिलोपल्ट ती सबैले आ–आफ्ना दिमाग लगाउन थाले। एउटा बैठक बस्यो। र, यो गाउँको काम हो भने सबै गाउँलेहरूलाई बोलाउनुपर्छ भन्ने निर्णय गरियो।

गाउँका घरहरूलाई जिम्मेवारी बाँडियो। सबै मिलेर सबैको काम गरौं भन्ने भावना जागृत भयो। यसोहुँदा पहिले टुटिसकेको

कडी फेरि अहिले जोडिएको थियो। गर्मीको दुई महिनामा सबै मिलेर भत्केको पाल (पोखरीको डिल) लाई सुधारियो। तर प्रकृतिले अझै सायद लापोडियाको परीक्षा लिन चाहन्थो।

बर्खा यामको पहिलो झरीमा नै पोखरी फेरि भत्कियो। तर त्यहाँको संगठनले हरेस खाएन। लाउडस्पीकरबाट बोलेर सारा गाउँलेहरूलाई डाकियो। र, माटोले भरिएका बोराहरू पोखरीको डिलमा राखेर त्यसलाई सम्हाल्ने काम गरियो। पछि गएर 'तरुण भारत संघ' ले यो ठूलो पोखरी ठीक गर्न सहायता गऱ्यो। यसमा दश वर्ष लागेको थियो। दश वर्षसम्मको तपस्यापछि यहाँको ठूलो पोखरीलाई फेरि वरदान प्राप्त भयो। अब पोखरीमा पर्याप्त पानी थियो। त्यस पोखरीका तलका खेतहरूमा बिस्तारै धेरैजसो परिवारहरूलाई फाइदा पनि हुन लाग्यो। त्यतिखेर गाउँका १०० बिघाभन्दा ज्यादा जमिनमा सिंचाइ हुन लागेको थियो।

## छुटेको सीमाको टेकाइ

अनुपम मिश्रले लेख्नुभएको पुस्तक 'आज भी खरे हैं तालाब' गान्धी शान्ति प्रतिष्ठानबाट पहिलोपटक प्रकाशित भयो। त्यसपछि त्यो पुस्तक लक्ष्मणजीले पढे। र, उनले त्यो पुस्तक अरूलाई पनि पढ्न लगाए। (यस पुस्तकका अनुवादकद्वारा त्यसलाई नेपालीमा अनुवाद गरिएको छ। र, त्यस नेपाली पुस्तकको नाउँ 'अझै प्रासङ्गिक छन् पोखरीहरू' राखिएको छ।) यस पुस्तकमा पोखरीसम्बन्धी परम्पराहरूको वर्णन गरिएको छ। लापोडियाका

मानिसले ती सबै परम्परा आफ्नै परम्परा हुन् भन्ने कुरो बुझे। यसैले ती छुटेका सीमामा टेकेर आफ्नो गाउँमा त्यो परम्परा मजबुतीका साथ बसाल्ने सोचाइ उनीहरूको थियो।

ठूला पोखरी सुधारेपछि यसअघि बनेका अरू साना पोखरीलाई पनि सुधार्ने काम थालियो। तीनवटै पोखरी बर्खाको पानीले भरिन लागे। र, त्यसलाई गाउँका  कुवाका माध्यमले वर्षभरि नै उपयोग गर्ने बाटो खोलियो।

ती तीनवटै पोखरीमा पानी टन्न भरिएको थियो। यसरी तिनले लापोडिया गाउँलाई सुख बाँड्ने बाटो खोलेका थिए। त्यस गाउँले यसप्रति आभारसमेत व्यक्त गऱ्यो। त्यस पुस्तकमा वर्णित पोखरीको नामाकरणको परम्परालाई सबभन्दा पहिले जीवित गरियो। तिनवटा पोखरीका आ–आफ्ना गुण र स्वभाव थिए। यसलाई विचार गर्दै एउटा साधारण तर भव्य समारोहमा ती नदीहरूको यिनको नामाकरण गरियो। पहिलो पोखरीको देव सागर, दोस्रोको फूल सागर र तेस्रोको नाउँ अन्न सागर राखियो। सर्वप्रथम दुइटा पोखरीबाट पानी ल्याउन नपाउने नियम बनाइयो। फूल सागर वरिपरि असल जातका बोटबिरुवा जस्तै बेलपत्र आदि रोपियो र एउटा वाटिकाको व्यवस्था पनि गरियो। देव सागरको डिलमा छतरी (स्थायी पक्की मण्डप), पानीघाट, चराचुरुङ्गीका निम्ति चर्ने स्थान र धर्मशाला आदि स्थापित गरियो। तेस्रो सबभन्दा ठूलो पोखरीबाट गाउँको आवश्यकतानुसार सिंचाइको व्यवस्था फेरि तयार गरियो। पहिले दुइटा पोखरीबाट आफ्ना निम्ति नभएर

पशुपक्षी, बोटबिरुवाका लागि पानी ल्याउने र अन्न सागरबाट आफूलाई चाहिने पानी ल्याउने निर्णय गरियो। यसरी आफ्नो उपकार र परोपकारको एउटा सुन्दर ढाँचा पुनः स्थापित गरियो।

यसरी गाउँमा खेती गर्ने परिस्थिति सुध्रियो। तर किसानी खेतीमा मात्र टिकेको हुँदैन। पशुपालन त्यसको बलियो आधार हुन्छ। लापोडियाको गौचरन पूरै उजाड भइसकेको थियो। त्यो गौचरन गाउँको सार्वजनिक भूमि थियो। अब मानिसले त्यो भूमिमा कब्जा गर्न थाले। त्यसमा व्यक्तिको स्वामित्व हुन थाल्यो। घाँसको त कुरै भएन, त्यहाँका रूखहरू काटेर त्यसलाई नाङ्गो बनाइयो।

## गौचरनको सम्झना

शुरुमा गाउँको सार्वजनिक बुद्धि पोखरी सुधार्नमा लाग्यो। त्यसपछि त्यही बुद्धि फेरि गौचरन विकास सुधार्नपट्टि लगाइयो। अब सा–साना बैठकहरू बस्न थाले। केही मोटामोटी निर्णय पनि गरिए। जस्तै गौचरनमा कसैले पनि बन्चरो लिएर जान नपाइने, घाँस पनि काट्न  नदिइने र वन्य जीवजन्तु मार्न नपाउने प्रस्ताव पारित गरियो। यसका अतिरिक्त त्यसको संरक्षण, त्यहाँ पानीको व्यवस्थाका साथै गुँड आदिको प्रबन्ध गर्ने निर्णय गरियो। अन्न सागरको बीचमा बनेको लाखेटा (द्वीप वा टापु) लाई पनि यिनै कारणले सुरक्षित राख्ने विचार गरियो। गौचरनको पुरानो वैभवलाई स्मरण गरियो। कुनै बुज्रुगको भनाइ यस्तो थियो, 'कुनैबेला यस गौचरनमा धेरै रूखहरू थिए। ती निकै घना थिए। यिनमा यस कुनोदेखि अर्को कुनोसम्म गाउँका युवकहरू रूखमा हिंडने प्रतियोगितामा भाग लिन्थे।'

घाँस र उपयोगी रूखले गौचरन ढाकिएको थियो। यस्तै नयाँ सपना बनेर फेरि त्यो गौचरन सबैको अधिल्तिर आयो। तर यसलाई साकार पार्नु पोखरीको कामभन्दा पनि बढी अफ्ठेरो थियो।

गौचरनलाई सुधार्ने संकल्प त थियो। तर यसबारे कसैको अनुभव थिएन। यस सम्बन्धमा कतैबाट केही सिकिन्छ भने सिक्ने र सिकेका कुरालाई लापोडियामा प्रयोग गर्ने भन्ने प्रस्ताव बैठकमा सर्वसम्मतिबाट पारित गरियो।

तिनताका सरकारको ग्रामीण विकास कार्यक्रम सञ्चालन हुँदै थियो। तर त्यसमा गौचरनसम्बन्धी कार्यक्रम थिएन। सायद गौरचरनको समस्या थाहा नभएर पनि यसो भएको होला। पहिले त्यो सार्वजनिक जमिन सबैका निम्ति खुला थियो। सबै मिलेर त्यसको उपयोग गरिन्थ्यो। तर अहिले त्यसलाई सरकारी जमिन मानियो। र, त्यसमा जसले जतिबेला चाह्यो कब्जा गर्न लाग्यो। गौचरलाई ठीक गर्न सकिन्छ भन्ने अनुभव कसैलाई पनि थिएन। तैपनि त्यहाँका तरुणहरू यसबारे जानकारी बटुल्न लागिपरे। उनीहरूले कन्टुर बन्डिग (पानी रोक्ने) एउटा तरिका कतै छ भन्ने कुरो केहीबाट सुने। अनि उनीहरू त्यससम्बन्धी काम हेर्न त्यो ठाउँमा गएका थिए।

अजमेर नजिकै टिहरी भन्ने एउटा गाउँ छ। त्यहाँ विश्व बैंकले निकै पैसा लगानी गऱ्यो। अनि एउटा गौचरन पाँच वर्षका लागि बन्द गरियो। र, त्यहाँ गाईबस्तुहरू प्रवेश गर्न प्रतिबन्ध

लगाइयो। यसले गर्दा गाउँभरि तनाउ भएर दंगा–फसाद भयो। पछि गएर गाउँलेले गौचरनको सिमानामा सुरक्षाका निम्ति बनाइएका खाल्डा पुरे। अनि उनीहरूले आफ्ना गाईबस्तु त्यहाँ प्रवेश गराए। यतिखेर सामाजिक इन्जिनियरिंगका यी कमीकमजोरीलाई बिर्सौं। यहाँ प्राविधिकरूपले गरिएको कामलाई स्वयं प्रकृतिले पनि स्मरण गर्न चाहेन। विश्व बैंकसँग प्रशस्त निक्कै पैसा थियो। यसैले सारा काम धैर्य र हातको सट्टा ट्रयाक्टरद्वारा गरियो। र, डेढ फुटका गहिरा खाल्डाहरू भित्रबाट खुकुला थिए। पहिलो बर्खामा नै पानीको घनत्वले दबेर ती सबै ६ इन्चका भए। तेज र वेग गतिका साथ बगेको पानीले ती खाल्डा भत्काएर गौचरन विकासको सारा काम आफूसितै बगाएर लगेको थियो।

यहाँ यस्तै अर्को काम पनि भएको थियो। गौचरनमा ट्रेंच वा खाल्डो बनाएर चिसियाउने प्रयत्न गरियो। यसमा पनि सफलता हात परेन। बर्खा याममा खाल्डोमा पूरै पानी भरिन्छ भन्ने त्यो असफलताको कारण थाहा पाइयो। त्यसमा घाँस उम्रिन सक्दैन। र, गर्मीमा त्यो पानी तीव्र गतिमा सुक्न थाल्छ। र, खाल्डोको गहिराइमा भएको भुइँ पनि तेज तापमानका बेला छिटै सुक्न लाग्छ। यो प्रयोग सफल भयो भने पनि त्यसमा केही अरू कमी पनि छ भन्ने कुरो लापोडियावासीलाई लाग्यो। यसका निम्ति धेरै दिनसम्म गौचरन बन्द गर्नुपर्थ्यो। त्यहाँ बनाइएका खाल्डाहरू गौचरन आसपासका गाउँबाट निस्किने बाटोको बीचमा थिए। आफ्नो गाउँले यस अवरोधलाई स्वीकार गरे पनि अरू गाउँले यसलाई कसरी मान्लान्? अर्को कुरो पनि छ। त्यो हो– केही समयका निम्ति गौचरन बन्द गर्ने हो भने गाउँका गाईबस्तु चर्न कहाँ जाने?

## वर्षौंसम्मको प्यास

यस्ता धेरैजसो प्रश्नहरूको उत्तर अनुत्तरीत थिए। यसको सन्तोषजनक उत्तर न वैठकमा प्राप्त भयो न त वरिपरिका काम देखेर पाउन नै सकियो। तर लापोडियाका मानिसहरूले आफ्नो उजाडिएको गौचरनको चक्कर काटिरहे। यस्तै चक्कर काटिरहेकै बेला एकदिन लक्ष्मण सिंहले एउटा कुरो सोचे। त्यो सोचाइ यस्तो थियो। गौचरनमा आकाशे पानीलाई त्यहीभित्र राखेर वर्षौंदेखिको यसको प्यास बुझाउनुपर्छ। गाईबस्तुलाई रोक्ने र बाटो छेक्ने काम गर्नु हुन्न। गौचरन खुला राख्नुपर्छ। गाउँको भूमिगत जल पनि बढोस् र चिस्यान बढनाले गौचरन हरियो–भरियो होस् भन्ने हिसाबले पानी रोक्नुपर्छ, छेक्नुपर्छ।

## खेतीको अनुभव

लापोडियाका मानिसमा गौचरनको रेखदेख गनुपर्छ भन्ने। पुस्तेनी इच्छा थियो। पुस्तौं–पुस्तौंदेखि त्यहाँ खेतमा पानीको प्रबन्ध गर्ने, सिंचाइ गर्ने र चिस्यान फैलाउने अनुभव चल्दै आएको थियो। तर गौचरन खेल होइन। यसमा घाँस, झाडी, बोटबिरुवा उम्रिनका निम्ति कुनै तरिका अपनाउनुपर्ने थियो। तर त्यो उनीहरूको हातमा थिएन। यसको एउटा कारण थियो। यसअघि त्यहाँ गौचरनसम्बन्धी काम गर्नुपर्ने आवश्यक थिएन। उनीहरूलाई पुर्ख्यौली हरियाली गौचरन प्राप्त थियो। तर पछिल्लो समयमा यो सब उजाड भइसकेको थियो। यसमा कुनै युक्ति नलगाएसम्म पानी थामिने स्थिति थिएन।

खेतीपातीको पनि आफ्नै अनुभव हुन्छ। यस अनुभवअनुसार गौचरनमा पानी रोक्नु जरुरी हुँदैन। पानीको सङ्ग्रह त पोखरीमा गरिन्छ। गौचरनमा बर्खा याममा तुरुन्त बग्ने पानीलाई थोरै समयका लागि थाम्नुपर्छ। पूरै पानीलाई थाम्ने हो भने घाँस सप्रिन्न। गौचरन भूमिमा घाँसका कउँला जरा जम्न सक्ने प्रकृतिमा यति चिसान त चाहिन्छ नै। एक खेपमा घाँस उम्रियो भने त्यसपछिको बर्खामा फेरि यति नै पानी र चिसान चाहिन्छ। र, त्यो सूर्यको प्रकाशका साथ यस चिसानलाई जोडेर घाँसलाई अरू माथि उठाउन सकियोस्।

## हात लाग्यो चौका

बनाजीले गौचरनमा के गर्ने र के नगर्ने यसबारे पूरै ध्यान दिएका थिए। पहिलोपल्ट उनले चौका शब्द पत्ता लगाए। यस चौका पद्धतिलाई गौचरनमा व्यावहारिक रूप दिइयो। अनि चौकाका चारवटा भुजाहरूमध्ये एउटा भुजा हटाइयो। र, यो चौकाले एउटा ठूलो भुजा र दुइटा साना भुजाको रूप लियो। सम्भवतः गौचरनको विकासको इतिहासमा यो बनाजीको देन थियो। र, यो यस किसिमको एउटा महत्त्वपूर्ण घटना पनि थियो। यस ढाँचामा तीनवटा भुजा र दुइटा कुना थिए। तर बर्खामा पानी भरियो भने यसले एउटा लामो आयात् अर्थात चारवटा कुनाको रूप लिन्छ। यसैले यसको नाउँ चौका नै रहन दिइयो।

उजाड भइसकेको गौचरनलाई ठीक गर्नु जरुरी थियो। यसका निम्ति दृढ संकल्प लिइयो र यसबारे सावधानी पनि

अपनाइयो। गाउँका युवकहरू बूढ़ापाकाहरूका साथ गौचरनमा दुइचारपल्ट घुमे। ढालू कतातिर छ र कति छ भन्ने थाहा लाग्यो। सारा गौचरनमा चौका बनेपछि तिनबाट बग्ने पानी निस्केर कता जान्छ भन्ने कुरो पनि पता लगाउनु थियो। यसको अतिरिक्त पानीलाई त्यहाँको कुनै पोखरी वा नालीमा राख्नु थियो। गाईबस्तु चर्ने ठाउँमा नजिकै पानी पनि हुनुपर्छ। पानी टाढा भयो भने दोपहरमा पानी पिउन परै जानुपर्ने हुन्छ। र, यसरी दोहोऱ्याउँदा फर्किन गाह्रो पर्छ।

बूढापाकाहरूसित घुम्नाले यी सब कुरा राम्ररी बुझियो। त्यसपछि एउटा सादा कागजमा एउटा नक्शाको खेस्रा कोरियो। र, गौचरनमा काम गर्नुअघि यस नक्शानुसार जमिनमा निशान लगाइयो। कहाँबाट कति माटो उठाउने र त्यसलाई कहाँ–कसरी थुपार्ने विचार गरियो, निरीक्षण गरियो। खनाइ र रखाइको ठाउँ करिब ५ फुटको अन्तर पारेर आली छोडियो। खाल्डोबाट माटो निकालेर बनेको आलीमा पानीको दबाब पर्नु हुँदैन। र, त्यहाँको माटो पनि बिस्तारै खस्केर खनेको ठाउँमा भरिनु हुँदैन। यसको पूरै ध्यान राखियो।

यति सब भइसकेपछि चौकाको पालो आयो। यसलाई बनाउनुअघि सबैसँग कुरा गर्नु आवश्यक थियो। सबैको मनमा कागज र जमिनमा खिंचेका रेखा र नक्शा त छँदै थिए।

## स्वार्थी राजनीतिको खेल

चौकाका माध्यमले पूरै गाउँसित किसान र गोठालालाई जोडने काम सजिलै गरी होला भन्ने सोच्नु भूल हुनेछ, केटाकेटीपन

हुनेछ। यो काम शुरु गर्नेबित्तिकै, घाँस उम्रिनुअघि गाउँमा फोहरी र स्वार्थी राजनीतिको खेल खेलिन थाल्यो। केही मानिसहरू गाउँको एकता खल्बल्याउन अघि सरे। उनीहरूले चौकाको विरोध गरे। उनीहरूद्वारा संस्थाका मानिसले गौचरनमा कब्जा जमाउन खोज्दैछन् भन्ने अफवाह फैलाइयो। गाउँले बाँकी रहेका रूखहरू नकाट्ने संकल्प गरेको थियो। तर त्यस्ता स्वार्थीहरूले यिनैमा बन्चरो चलाए। कहलिएका जनप्रतिनिधि र पञ्चायतले उनीहरूलाई साथ दिए। १६ सितम्बर १९९५मा पञ्चायतले समेत मात्र दुई हजार रूपैयाँमा गौचरनका सबै रूख कटान गर्ने ठेक्का दियो। गौचरनलाई सुधार्ने र विकास गर्ने काम पञ्चायतको हो भन्ने घोषणा पनि गरियो।

तर सत्य सत्य नै हुन्छ। यसैले सत्य गाउँ र संस्थाका साथमा थियो। यो अति अप्रिय प्रसङ्ग थियो। मानिसले सत्यको आग्रह पनि गरे। र, गौचरनमा सत्याग्रह शुरु गरियो। जाडोको याम थियो। महिला–पुरुष दुवै मिलेर दिनभरि नै घुमेर गौचरनको रेखदेख गर्न थाले। तर रेखदेख त्यति पर्याप्त भएन। यसैले सिरक, डसना र कम्बल लिएर गाउँलेहरू त्यहीं सुत्न लागे। सबैले भविष्यमा राम्ररी सुत्न पाऊन् भन्ने उनीहरूको सोचाइ थियो। यसैले सन् १९९५को जाडोमा खुला आकाशमुनि जागराम बसेर उनीहरूले रात कटाएका थिए। र, पालैपालो गरी उनीहरूले पहरा दिइरहे। यस काममा पाका मानिस खटिएका थिए। यिनीहरूलाई युवक, महिला र साना केटाकेटी समेतले साथ दिएका थिए। यति भएपछि त्यहाँ प्रहरी, कलेक्टर (प्रमुख जिल्ला

अधिकारी), साना–ठूला कर्मचारी र पटवारीसमेत आइपुगे। ती सबैले दुवै पक्षसँग सँगै बसेर त्यहाँको सारा परिस्थिति बुझे। अनि गौचरनको रूख काट्ने ठेक्का निरस्त गरियो। र, बेलायती बबुल मात्रै काट्ने निर्णय भयो। धर्तीको लागि असल काम गरियो भने पुण्य प्राप्ति हुन्छ। यसैले यसरी त्यहाँको गौचरन बचाइयो।

सोही बैठकद्वारा गौचरनमा भएको कब्जा पनि हटाउने निर्णय गरियो। यस काममा जन्जीर (जमिन नाप्ने जन्जीर जो ५५ हात वा ६० गजको हुन्छ) लिएर पटवारी अघि सरे। गाउँको नक्शाका आधारमा पूरै नपाइ भयो। यसमा नातापाता र मित्रताको कुनै ख्याल गरिएन। मित्रता मात्र गौचरनसँग छ। किनभने यसबाट पूरै गाउँको खुसियाली जोडिएको हुन्छ। यो कुरो बडो प्रेम तर दृढताका साथ लक्ष्मणजीले गरेका थिए।

वर्षौंदेखिको कब्जा छुटाउने काम त्यति सजिलो थिएन। जसको कब्जा हटाइन्छ उसको मन कुडिन्छ, पिरोलिन्छ। यो स्वाभाविक कुरो पनि हो। यस भावनालाई हटाउनु जरुरी थियो। यसैले गौचरन मै पूरै गाउँको सामूहिक भोज राख्ने निधो गरियो। त्यस सामूहिक भोजमा पुडी, चास्नी र हलुवा पस्कियो। त्यस गाउँमा २०० घरहरू थिए। यी सबै घरका करिब ४०० जनाले त्यहाँ भोजन गरे। सहभोजमा पस्किएको चास्नीको मिठासले सारा तिक्तता मेटाउने काम गऱ्यो।

## स्वदेशी अभियान

यस भोजपछि गौचरनबाट बेलायती बबुल हटाउन थालियो। गौचरन भनेको नै गाउँका गाईबस्तु चर्ने थलो हो। यो कुरो सबैलाई थाहै छ। तर पछिल्लो समयमा त्यहाँका रूखहरू कटाइए, उखालियो। आफूले गरेका गल्ती लुकाउन खोजियो। हरियाली देखाउन भनेर त्यहाँ जताजतै बेलायती बबुल रोपियो। यो बबुल बडो छिटो हुर्किन्छ र यसलाई गाईबस्तुले खाँदैनन्। यसको वरिपरि कुनै अरू बोटबिरुवा पनि उम्रिँदैन। हरेक मौसममा यो चारैतिर फैलिन्छ र यसको साम्राज्य बढ्दै जान्छ। अनि यसले सम्पूर्ण गौचरनलाई आफ्नो दास बनाउँछ। सामूहिक भोजपछि सारा बेलायती बबुललाई गौचरनबाट हटाउने अभियान चलाइयो। यो अभियान एउटा सुन्दर स्वदेशी अभियान थियो।

सम्पूर्ण गौचरमा घुमेर गाउँलेले बेलायती बबुल गने। र, त्यस गिन्तीलाई गाउँका कुल परिवारमा बाँडियो। त्यहाँ लगभग ६ सयवटा बेलायती बवुल थिए। र, गाउँमा दुई सय परिवारहरू थिए। प्रत्येक परिवारले तीनवटा बेलायती बबुलका जरासमेत उखाल्नुपर्ने निर्णय गरियो। यसका रूख र झाडी को अलिकति भाग पनि छुट्यो भने फेरि उम्रिहाल्छ। यसैले आउने ६ महिनामा यसलाई जरैदेखि उखाल्ने टुंगो लगाइयो। जरासमेत ओखलेपछि त्यहाँ खाल्डा त पर्छन नै। यिनै खाल्डामा स्वदेशी बबुल, बयर र घाँस आदि थरीथरीका उपयोगी बोटबिरुवाहरूको बीउ रोपियो।

प्रारम्भमा चौका बनेपछि मानिसमा निक्कै उत्साह थियो। यसैले बाहिरबाट बोटबिरुवा र विभिन्न प्रकारका घाँसका बीउ र बेर्ना ल्याएर छरियो, रोपियो। तर यसको परिणाम धेरै राम्रो निस्केन। गौचरनलाई चाहिने जति पानी रोकिएको थियो। अतिरिक्त पानी चौकालाई नबिगारेर बगिरहेको थियो। यसैले भलै बाहिरबाट ल्याएका बीउ उम्रेनन्। तर नछरेका बीउ उम्रेर त्यहाँ हरियो–भरिलो देखिन लाग्यो। बर्खा याममा पानी परेर सुकेपछि चिसान भएको त्यस ठाउँमा प्रकृतिले घाँसको हरियो दरी बिछ्याउने काम गर्दथ्यो। कुनैबेला त्यस गौचरबाट हराइ सकेका घाँस र यस्तै झाडीका नाउँसमेत मानिसका स्मृति र बोलीबाट हराइसकेका थिए। तिनी फेरि अहिले एक–एक गरी लापोडियाको गौचरनमा फर्किन लागे। बेलायती बबुल सखाफ पारियो। अहिलेसम्म स्वदेशी बबुल रोपिएको थिएन। तर चिसान हुनेबित्तिकै पुराना दबेका जराहरूमा प्राण आयो। र, ठाउँ–ठाउँमा उपयोगी घाँस, बोटबिरुवा र झाडी झाँगिन थाले। प्रकृतिको स्मृतिमा त्यो मेटिएको थिएन। यसैले फेरि लापोडियाको समाजको स्मृतिमा पनि यी नामहरू एक–एक गरी फर्किन थाले।

## संकल्पको विस्तार

लापोडियाले आफ्नो गौचरन सुधार्ने संकल्प गरेको थियो। यसले त्यसलाई व्यवहारमा परिणित गऱ्यो र त्यसको विस्तार पनि गऱ्यो। त्यस गाउँका छिमेकी गाउँहरूमा एउटा संस्था 'युवा मण्डल' खोलियो। सबैसित सम्पर्क गरेर गौचरन, पोखरी, बोटबिरुवा र वन्यजन्तु संरक्षणका निम्ति बैठक भइरहे र पद यात्रा पनि

निकालियो। यो काम छरछिमेकी गाउँबाट शुरु गरिएको थियो। पछि गएर यो काम ८४ गाउँहरूमा फैलिएको थियो। देवउठनी ग्यारसबाट (तिहारपछिको पहिलो एकादशी अर्थात् नेपालमा यसलाई ठूलो एकादशी भनिन्छ) पोखरी र गौचरन पूजाको काम थालिन्छ। र, ठाउँ–ठाउँमा यस्ता पदयात्रा र जनजागरण शुरु गरिन्छ। सबैको काम सबैलाई साथ लिएबिना सम्पन्न हुन सक्दैन। यसैले कोही पनि नछुटोस् भन्ने कुरोमा ध्यान दिइन्छ। यदि कोही मानिस स्वार्थवश यसमा लागेको छैन भने त्यसलाई पूरै ध्यान दिइन्छ। उसको हित सार्वजनिक हितमा नै छ भन्ने कुरा उसलाई राम्ररी सम्झाउने गरिन्छ। अब फेरि लापोडियातर्फ फर्कौं।

सबै गाउँलेलाई गौचरनसित जोडने व्यवस्था मिलाइयो। अहिले त्यहाँ रूखहरू थिएनन्। तर साना–साना झाडीहरू जरो गाड्दै बलियो हुँदै थिए। तिनलाई अरू सहारा दिनका निम्ति वातावरण तयार गरियो। यसैले यी झाडीको  रखवारीका लागि कानुन वा कडाइको साटो प्रेम र श्रद्धाको सहारा लिइयो। लापोडियाका महिला–पुरुषले यी साना–साना झाडीमा रक्षाबन्धन बाँधने काम गरे। र, उनीहरूले यिनको रक्षा गर्ने संकल्पसमेत गरेका थिए।

अनिकाल परेको ६ वर्ष बितिसक्यो। तैपनि लापोडियामा हरियो–भरियो छ। यहाँ अनिकालका बेला दूधको ठूलो नदी नबगे पनि एउटा सानो सोतो त बगिरहेकै छ। हिजोआज यहाँ प्रतिदिन ४० केन यानि करिब १६०० लिटर दूध उत्पादन हुन्छ। त्यो दूध

घरपरिवार र बालबच्चाको आवश्यकता पूरा गरेपछि बिक्री गरिन्छ। जयपुर डेरीले हरेक महिना अढाई लाख रुपैयाँको दूध किन्दै छ। यसरी आजकल यहाँ हरेक वर्ष लगभग ३० लाख रूपैयाँको दूध उत्पादन गरिंदै छ। र, गाउँमा फर्केको हरियालीले गर्दा नै यो दूधको काम सजिलो हुन सकेको हो।

कुनैबेला लापोडियाको गौचरन चौपट भइसकेको थियो। त्यहाँ चौका पद्धति अपनाइयो। त्यसपछि त्यहाँ थरीथरीका घाँस र विभिन्न किसिमका बोटबिरुवा फर्केका छन्। यी सबैको त्यहाँ आ–आफ्नो विशेष स्थान सुरक्षित गरिएको छ। प्रकृतिले यिनको स्थान आरक्षण गर्दै छ। कतै कण्टकारी त कतै खरायोले पानी खाने हौज (कुण्ड) छ भने कहीं एक किसिमको घाँस छ त कतै अरू पनि छन्। मानिस गौचरनभित्र प्रवेश गरे भने उत्सुकताका साथ निक्लिरहेका कोपिला, पात, अंकुरलाई चिन्ने र नाउँ भन्ने वा सोध्ने कोशिश गर्छन्। लापोडियाको गौचरण वनस्पति शास्त्रको एउटा नयाँ पाठशाला भएको छ। एक आपसमा कुरा गर्दा किसान, पशुपालक र गोठालोको टोलीमा नयाँ नाउँ चिन्ने र खोज्ने होड जस्तै लागेको हुन्छ। कसैले यो घाँसको नाउँ यो हो भन्ला। र, कोहीले त्यसको गुण र फाइदाबारे बताउला। कोही अझ अघि सरेर त्यो घाँसको स्वभावबारे यस्तो वर्णन गर्छ कि त्यो उसको आफ्नै परिवारको सदस्य हो। गांठा परेका एक किसिमको घाँस उफ्रिदै दगुरेकाजस्ता देखिन्छन्। यहाँ अब पुराना किसिमका सारा नाउँ एकत्र भइसकेका छन। बरु नयाँ जमानाका नाउँ एक किसिमले पछाडि  छुटिसकेका छन्।

लापोडियाले गौचरनको घाँसतिर मात्रै ध्यान दिएको छैन। उसको ध्यान वृक्षतर्फ पनि गएको छ। सारा गाउँ मिलेर बेलायती बबुललाई सखाफ पारे। अब प्रकृतिले पनि थोरबहुत राहत पाएको थियो। यसैले गौचरनमा चिसान हुना साथ स्वदेशी बबुल, बेल आदि जहाँ जे सम्भव हुन्छ बिस्तारै उम्रिन लागे। प्रकृतिमा तीव्र गतिले बढ्ने वृक्षको कुनै खास स्थान हुँदैन। यो त धैर्यको काम हो। यसैले त्यो गाउँले आफ्नो धैर्य गुमाएन। र, जो वृक्ष लाग्न थालेका थिए उनलाई बचाउने र बढने अवसर दिने वातावरण तयार गरियो। तर यसका निम्ति गाईबस्तुलाई रोक्ने काम गरिएन। यस व्यवस्थामा पशु शत्रु होइनन् भन्ने कुरो गाउँलेले बुझे। उनी मित्र हुन र उनको मित्रताले गौचरनलाई हरियो–भरिलो बनाउँछ। गाईभैंसीको गोबर, भेडा, बाख्रा र तथा खरायोका बकौंला, थरीथरीका घाँस र रूखवक्षका बियाँहरू भइरहन्छन्। पशुपक्षीको पेटको रसायनिक क्रियाले यिनेको कठोर कवचलाई नरम बनाउँछ। र, बकौंला आदिका रूपमा यी बियाँका आसपास खाद बन्ने गर्दछ। सारा गौचरनमा छरिएका बकौंलाले चौकामा पानी भर्ने, बग्ने र यताउता आउने–जानेका कारण आ–आफ्नो भार देख्दै पौडिन्छन्। र, उचित मौका हेरेर ती रुक्छन् । त्यसपछि चिसान र घाम यिनीको अंकुरणमा सहायक बन्छन्।

## सम्पूर्णरूपमा वापसी

लापोडियामा चरिचराइको यो प्रारम्भिक कार्य थियो। यसका साथै यसको पूर्ण व्यवस्थातिर पनि गाउँलेको ध्यान जान लाग्यो। एकन्ताका

त्यहाँको परम्परा, ज्ञान, र अनुशासन गुमिसकेको थियो। त्यसलाई बिर्सिसकिएको थियो। अब ती सबै सम्पूर्णरूपमा फर्किंदै छन्। अनि तिनका सम्पूर्ण रूप र दर्शनको स्मृतिसमेत फर्किन थालेको छ।

हिजोआज लापोडियामा गाईबस्तुको संख्या बढेको छ। चराचुरुङ्गीको संख्यामा पनि वृद्धि भएकै छ। र, यिनका जातिहरू पनि बढेका छन्। यसरी त्यहाँ वन्यजीवको उपस्थिति पनि देखिन थालेको छ। त्यहाँ मुजुर, कोइली, हुटिट्याउँ, खरायो, न्याउरी मुसो, जंगली बिरालो आदि त छँदैछन्। कति थरीका कीरा, फट्याङ्ग्रा खेतबारी र गौचरनमा सजिलै भेटिन र देखिन लागेका छन्। गाउँ घरका भित्तामा पशुपक्षीका चित्र बनाउने चलन थियो। आज ती भित्ताबाट ओर्लेर गाउँमा फैलिसकेका छन्।

आजभोलि गाउँमा बेगासा (गाउँ र गौचरनबीच गाईबस्तु बस्ने, एकत्र हुने वा आराम गर्ने ठाउँ) को कुरो गरिन्छ। केही ठाउँमा बेगासालाई गोठान पनि भनिन्छ। यो संस्कृत शब्द 'गोस्थान' बाट बनेको हो। राजस्थानका यी क्षेत्रमा वर्षा कम हुन्छ। यसैले परम्परादेखि यहाँका किसानले खेतीका साथै पशुपालनको पनि ध्यान दिंदै आएका छन्। उनका निम्ति पशु सिर्फ कमाइका साधन थिएनन्। यी उनका सांस्कृतिक र दार्शनिक समाजका जीवन्त सदस्य थिए। यसो हुँदा यिनीलाई यहाँदेखि त्यहाँसम्म हाँकेर लैजानु हुँदैन। यसको पूरै व्यवस्था गरिएको हुन्थ्यो। बेगासा यही ठूलो व्यवस्थाको एउटा सानो अंग थियो।

प्रायः प्रत्येक घरमा गाईबस्तु पाल्ने चलन थियो। तर त्यो घरका सदस्य गाईबस्तुका साथ स्वयं गौचर जान पाउँदैनथे। यस जिम्मेवारीलाई गाउँका ग्वाला (यहाँ यसलाई गाईबस्तुका मालिक नभएर गाईबस्तु चराउने रूपमा देखाइएको छ) ले निर्वाह गर्दथे। हर टोल र बस्तीबाट त्यहाँ जाने गाईबस्तुका बथान बिस्तारै निक्लिन्थ्यो। कुनै गल्लीबाट पाँच दशवटा गाईबस्तु निक्लिन्थे भने कहींबाट बीस–तीसवटा। यी सबैलाई गाउँदेखि गौचरको बाटोमा पर्ने गाउँकै नजिकैको बेगासामा बसाइन्थ्यो। अनि ग्वाला आ–आफ्ना गाईबस्तुका साथ आउँथे। र, सबै एक साथ गौचरतिर अघि बढ्दथे।

तर हिजोआज गाउँमा गौचरन छैन। यसैले गाउँमा बेगासा वा गोठान पाइएला? कुनै बेला लापोडियाको ३५ बिगाहामा बेगासा थियो। पुरानो पुस्ताले यति धेरै ठाउँ पशु समाजको आरामका लागि छुट्टाएको थियो। तर बिस्तारै गौचरन उजाड हुँदै गयो। तर यति धेरै जमिन छोड्नु भनेको त्यसको बरबादी गर्नु हो भन्ने कुरो नयाँ पुस्तालाई लाग्छ होला। यसैले यिनमा कब्जा हुँदै गयो। आजकल गाउँ विकासको जिम्मा पञ्चायतले लिएको छ। त्यस नेतृत्वले यस किमती ठाउँलाइ गुमटी, पसल वा हाट बजारमा बदल्न आतुर छ। तर लापोडियाले फेरि एकपल्ट बेगासालाई पनि बचाउने विचार गर्दै छ।

## पशु दर्शनको विस्तार

अब हामी यस पूरा व्यवस्थाको विस्तारमा जाऔं। त्यसपछि नै गाउँको हाम्रो किसान समाज कति संगठित थियो भन्ने कुरो

थाहा लाग्छ। कतै–कतै त गाउँदेखि गौचरनको बाटो बिलकुलै अलग हुन्थ्यो। यसलाई पैदल र बयलगाडीको बाटोभन्दा टाढा राखिन्थ्यो। यस्तो बाटोलाई कांगडको गैली भनिन्थ्यो। परिश्रम गरे बापत गाईबस्तुको संख्याअनुसार पारिश्रमिकका रूपमा ग्वालालाई प्रायः अनाज र कहिलेकाँही पैसा दिइन्थ्यो। यसरी ग्वालाको आम्दानी बाँधिएको हुन्थ्यो। यसबाहेक किसानले चाडपर्वमा उसलाई लत्ताकपडा, छाता, जूत्ता आदि आफ्नो हैसियतअनुसार दिने गर्दथे। तिहारमा ग्वालाको नाचको अर्कै महत्त्व थियो। लक्ष्मी पूजाबारे सबैलाई थाहा छ। तर त्यसैदिन गौपूजन पनि हुने गर्थ्यो। भनिन्छ, गोधनबाट नै लक्ष्मी आउँछिन्। यसैले तिहारको बिहानै ग्वालाले सुरिलो गीत गाएर गाउँलेलाई ब्युँताउने काम गर्दथे। गाउँमा त्यसैदिन वा कतैकतै दशैमा गोरुलाई सजाउने काम गरिन्थ्यो। उनीहरूको दौड हुन्थ्यो र कताकति गोरु जुधाउने चलन पनि थियो। यी विशेष दिनमा गाईगोरुलाई बेग्लै खाना बनाएर खुवाउने काम पनि गरिन्थ्यो।

यिनै दिनमा मौसम परिवर्तन हुन्थ्यो, बाली काट्टिन्थ्यो र खेतबारी रित्तिन्थ्यो। त्यसपछि त्यो ठाउँ बयलगाडा दुगुर्ने मैदान बन्थ्यो। यस्तो आयोजना गर्नुअघि आलस र गुडका लड्डू, कतै त घ्यू पनि गोरुलाई खुवाउने चलन थियो। किसानी समाजले आफ्नो जग गोरु र गाईलाई मान्दथ्यो। र, यसैमा कृषिको पूरै वैभव खडा हुन्थ्यो।

लापोडिया र त्यस वरिपरि गोरुको शक्ति प्रदर्शन गर्ने खेल अद्यावधि भइरहन्छ। त्यहाँ  एउटा सिंगारिएको ढुङ्गा भेटिन्छ।

त्यसलाई घाँस बाबा भनिन्छ। एउटा विशेष दिन अर्थात् तिहारको अर्को दिन गाउँका सबै परिवार आ–आफ्ना गोरुको शक्ति अजमाउनका निम्ति भेला हुन्छन्। एउटा गोरुको पछाडि यस ढुङ्गालाई बाँधिन्छ र त्यो गोरु यसलाई लिएर कति टाढा जान सक्छ भन्ने परीक्षा गरिन्छ। त्यहाँ पालैपालो गरेर यसरी नै गोरु दुगुराउने काम शुरु हुन्छ। जुन गोरु सबभन्दा टाढ़ा जान सक्छ त्यसलाई पुरस्कार प्राप्त हुन्छ। र, वर्षभरि नै त्यो गोरु र त्यसको मालिकको गाउँमा विशेष हैसियत रहिरहन्छ।

त्यतिखेर समाजले आफ्ना पाल्तु पशुलाई निकै ध्यान दिन्थ्यो। यस ढाँचालाई सोच्नुपर्ने छ। त्योबेला हिजोआजको जस्तो दूग्ध उद्योग थिएन। डेरी व्यवस्था थिएन। नत दूधको संग्रह नै गरिन्थ्यो नत दूध नै बिक्दथ्यो। दूधको साइनो छोराछोरीसँग गाँसिएको हुन्थ्यो। र, दुवैलाई बेच्नु राम्रो मानिदैनथ्यो। यसरी ती गाउँमा दूधको नदी कसरी बग्दथ्यो भन्ने कुरो सजिलै बुझ्न सकिन्छ।

## गौचरन सम्पूर्णताको एक अंश

आजभोलि फेरि गौचरनतिर मानिसको ध्यान जान थालेको छ। समाजले पशुहरूको हेरविचार गर्नका निम्ति एउटा सुविचारित ढाँचा तयार गरेको थियो। यो सम्झना गराउनु पनि जरुरी छ। गौचरन त्यसैको एउटा अंश थियो।

लापोडियामा करिब ३२० बिघामा गौचरन थियो। यसबाहेक यसैसित मिल्दोजुल्दो कामका निम्ति एउटा सानो, एउटा ठूलो

बीड (चरन) र चोइली (एक किसिमको चरन) गाईबस्तु चर्ने स्थान सुरक्षित गरिएका हुन्थे। गौचरनमा गाई र अन्य साना जनावर चर्न पठाइन्थे। पशुका शरीरको बनोट र तिनको भूमिकाको हिसाबले त्यहाँको चाराका आकार, प्रकार र गुणअनुसार प्रबन्ध मिलाइएको हुन्थ्यो। तर बीड (चरन) मा ज्यादा ठूलो र पौष्टिक चारा हुन्थ्यो। र, यी सबै ठाउँमा वर्षभरिको ऋतु चक्र वा भित्ते पात्रो बनिरहन्थ्यो।

बर्खा लाग्नेबित्तिकै सारा गाउँका गोरु चोइली (चरन) मा पठाइन्थे। यहाँ प्राकृतिक चारा उपलब्ध हुन्थ्यो। यो चौइली पचास बिघामा हुन्थ्यो। यसमा कुनै एउटा परिवार, जमिन्दारका परिवारका मात्र नभएर गाउँका सबै परिवारका गोरु छोडिन्थे। बर्खाको चारा तिहार आउँदा–आउँदै सकिन लाग्थ्यो। त्यसपछि त्यहाँका गोरु बीड (चरन) मा पठाइन्थे। र, खाली भएको चोइली (चरन) मा अब गाई र बाख्राको पालो आउँथ्यो। चोइलीमा निशुल्क चराइ हुन्थ्यो। तर बीडमा प्रतीकका रूपमा नाउँ मात्रको शुल्क लिइन्थ्यो। र, त्यो शुल्क सरकारी कार्यालयमा जम्मा हुन्थ्यो। यसरी जम्मा भएको राशि यिनैको रेखदेखमा खर्च गरिन्थ्यो। होलीपछि गर्मी शुरु हुन्छ। र, यी क्षेत्रमा चारा काटेर खाली भएको ठाउँमा गाईबस्तुहरू राखिन्थे। त्यसपछि जुलाईदेखि तिहारसम्म गाईबस्तु गौचरनमा आउँथे।

यस व्यवस्थाअन्तर्गत हरेक स्थानमा गाईबस्तुलाई पूरै आराम दिने चाँजो–पाँजो मिलाइएको हुन्थ्यो। खुला चराइभन्दा पहिले त्यस ठाउँको घाँस ठीक तरिकाले उम्रियोस्। त्यसमा फलफूल,

पानी र बीउ आओस्। नयाँ बीउ फेरि झरोस् र जरा लागोस्। ताकि त्यसको उपयोग गरेपछि आउने दिनहरूमा त्यसलाई प्राप्त गर्न सकियोस्। यी सबै ठाउँका ऋतु चक्रअनुसार छुट्टाछुट्टै प्रजातिका घाँस र चारा सुरक्षित राखिन्थ्यो। यसरी समयको विभाजन गरिएको थियो। गर्मीको दूबो गर्मीमा नै उम्रिन्छ। तर वर्षा याममा यो अंकुरिन्न। कोदो आदिको चारा बर्खाको पर्याप्त पानीमा खडा हुन्छ।

## स्वामी र सेवक

गाउँको परम्परामा व्यक्तिगत र सार्वजनिक सम्पतिलाई सूक्ष्म तरिकाले विभाजन गरिएको थियो। सार्वजनिक सम्पतिका निम्ति गाउँमा एउटा शब्दको चलन थियो 'शामलात देह'। यो फारसी शब्द शामिल र देहातबाट मिलेर बनेको हो। यसको अर्थ स्पष्ट छ–जसमा पूरै गाउँ होस्। शाब्दिक अर्थबाहेक यसमा सारा गाउँ सेवक भएर काम गर्नेछ भन्ने भावना पनि अन्तर्निहित थियो।

स्वामी र सेवकको भूमिकामा कुनै चूक हुनु हुँदैन। यसैले त्यहाँ बडो व्यवस्थित नियमहरू बनाइएका हुन्थे। तर त्यस नियममा श्रद्धाले पहरा दिन्थ्यो। दण्डको विधान पनि जरुर थियो। तर 'शामलात देह' को रेखदेख श्रद्धामा टिकेको थियो। यसको बडो सुन्दर उदाहरण छः कुराड गाउँ।

कुराड गाउँमा पुरानो परम्पराको हिसाबले एउटा ठूलो गौचरनको रखवारी हुँदै छ। यसमा न त खाल्डो छ न त तीखा

तारबार नै छन्। न त कुनै विभागको चौकिदार नै छ। गौचरन लम्बा–चौडा थियो। तर त्यहाँ एउटा पात र हांगा चोरी हुँदैन। बेला बखतमा गौचरन र ओरण (वन वा जंगल) को सीमामा 'कार' (मन्त्र जपेर पूजा गरी दूध, गोमूत्र र गंगाजल मिसाएर बनाएको तरल पदार्थ) लगाइन्छ। एउटा धातुले बनेको लोटाको पींधमा एउटा सानो प्वाल हुन्छ। त्यस लोटामा कार राखिन्छ। र, त्यो पात्रको मुखलाई दुईतर्फ टांगिएको डोरीले बाँधेर यसलाई दुईजनाले उठाउँछन्। र, उनीहरू बडो तेजले हिंड्छन्। यसरी गौचरनको सीमाभरि कारले रेखा खिचिन्छ। यस रेखाका पछिपछि गाउँलेहरू हिंडछन्। माटोमा पोखिने दूध र गंगाजलको यो मसिनो धर्को केही छिनपछि सुक्छ। तर यसले पूरै गाउँको मनमा अमिट छाप छोडेको हुन्छ। कार लागेपछि जमिनमा मेटिसकेको तर मनमा खिंचेको त्यो अमिट रेखाको पालना गर्दछन्। हिजोआज कुराडका वनबाट सुकेका हाँगाबिंगा र भाँचिएका रूखहरू कसैले पनि बाहिर लग्दैनन्। रूख काट्ने कुरो त परै छ। तर अहिले कुराड वरपरका गाउँमा यो चलन देखिइँदैन। एक समय थियो। यस्ता कामहरू कैयौं गाउँमा थिए होलान्।

कुनै पनि राम्रो काम गरेपछि धेरथोर ले थोरबहुत आशा जाग्छ नै। चिस्यान फैलिन्छ। बीउका नयाँ जरा गाडिन्छ र कोपिला फुट्छ। ग्राम विकास नव मण्डलले लापोडियाको गौचरन सुधार्ने काम गऱ्यो। अब त्यस कामको प्रभाव बिस्तारै अरू छेउछेउका गाउँमा पनि फैलिदै छ। गागरुड, डोरिया, सीतापुर, नगर, सहल सागर, महत्त गाउँ, गणेशपुर आदि अनेक गाउँमा आज चौका

पद्धतिबाट गौचरन सुधार्ने काम भइरहेको छ। धैर्य नभएको भए यो काम सफल हुने थिएन। आजभोलि झण्डै असीवटा गाउँहरूमा यो काम सफल भइरहेको छ। यिनीमध्ये करिब पन्द्रवटा गाउँमा यो काम झन् अघि बढेको छ।

## सफलताको रहस्य

लापोडियाले राम्रै विकास गरेको थियो। यसैले अरू ठाउँबाट केही मानिस यहाँको गौचरनको विकास हेर्न आएका थिए। केही लापोडियावासी पनि अरू गाउँमा त्यहाँको गौचरन के–कस्तो छ बुझ्न गएका थिए। अनुभवको आदान–प्रदान भयो। र, यसरी यो काम बिस्तारै अन्य गाउँमा पनि फैलिदै गयो। तर चौका बनाउनाले मात्र गौचरन सम्हालिन्न। यसको सफलताको रहस्य सामाजिक संगठनभित्र अन्तर्निहित भएको हुन्छ। स्वार्थी भावनाबाट माथि नउठेर यस्तो संगठन कदापि बन्न सक्दैन।

एउटा गाउँमा गौचरनको काम शुरु गरियो। त्योबेला थोरबहुत मानिसले यसको विरोध गरेका थिए। यिनीहरूले राजनीति र जाति दुवैको खुलेर उपयोग गरे। उनीहरूद्वारा मन्त्रीदेखि तल्लो तहका अधिकारीहरूलाई फोन गरियो। र, फोनमा भनियो कि केही गुण्डाहरू गौचरन कब्जा गर्नका निम्ति विकासको भ्रामक कार्यक्रम ल्याएर आएका छन्। त्यसपछि यो मामिला अदालतसम्म पुग्यो। तर अन्तमा लोक संगठन नै काम लाग्यो। यसको नैतिक तागतका अघि उनीहरू झुके। जसको जीत भएको थियो उनीहरू हारेका मानिसका अघिल्तिर झन् बढी झुके। यस विनम्रताले हारजीतको

अन्तर मेटायो। गाउँ निष्पक्ष हुनुपर्छ भन्ने कुरा यस्ता प्रसङ्गले स्पष्ट गरेकै हुन्छन्। आरोप छन् भने धैर्यका साथ तिनको जाँच हुनुपर्छ। र, गौचरनजस्ता मामिलामा आफ्नो कानुनी जिम्मेवारी जाति र राजनीतिभन्दा माथि उठेर निभाउनुपर्छ।

यहाँ मात्रै कहाँ हो र, गौचरनबारे राम्रा मानिएका प्रान्तीय सरकारले पनि कतिपय गडबडी गरेका छन्। भोटको राजनीतिले गर्दा गाउँका भूमिहीन र दलितको प्रश्न उठाएर उनीहरूलाई उचालिन्छ, हारजीतको सपना देखाइन्छ। र, गौचरनको जमिन खेतीका लागि बाँडेर स्यावासी लुट्ने काम गरिन्छ। कमजोर वर्गका गाईबस्तु आखिर चर्न कहाँ जाने? यसबारे देशको नेतृत्व वर्गले पनि बुझ्नुपर्छ। गौचरन विकासको लाभ यस्ता परिवारले पनि उठाउन पाउँछन् भन्ने कुरो लापोडिया र त्यस वरिपरिका गाउँलेको पक्का अनुभव छ। यसैले अब राजस्वका अधिकारीले बिस्तारै यस क्षेत्रको ग्राम विकास योजनामा गौचरनलाई पनि ध्यान दिएर स्थान दिन थालेका छन्।

अब सरकारले पनि लापोडियाको गौचरनको यस कार्यलाई आदर्श कार्य मानेको छ। र, यहाँबाट केही सिक्नका निम्ति अधिकारीहरू आइरहन्छन्। र, सरकारी परियोजनामा यस्तै कार्यक्रम राख्ने कुरा उठाइरहेका छन्। यो काम सरकारी उच्चस्तरमा बन्ने नीतिमा समेत प्रभाव परेको देखिन्छ। यसलाई अनिकाल राहतमा पनि समावेश गरिदै छ। यसलाई सरकारको गरिबी हटाउने कार्यक्रममा पनि जोडिएको छ।

लापोडियाको यो सफल प्रयोग हो। यसले अरू कुरामा पनि ध्यान सारेको छ। सन् १९९८ देखि देशको आधा भूभागमा अनिकाल पर्दै छ। अनेक भूभागमा औसतभन्दा आधा र कहींकहीं त यसभन्दा पनि कम पानी परेको छ। यो एउटा भयानक परिस्थिति हो। यस परिस्थितिलाई सामना गर्नका निम्ति अनेकानेक संस्थाहरू अघि सरेका छन्। र, यिनको प्रभावबाट सरकारले बर्खाको जल सङ्ग्रहका निम्ति अनेक प्रकारका योजनाहरू बनाएको छ। सरकारले ती योजनाहरू, पूरा गर्नका लागि कदम चालेको छ। ग्रामीण इलाकामा पुराना पोखरी मरम्मत गर्ने र नयाँ पोखरी बनाउँनेतिर पनि उसको ध्यान गएको छ।

## गौचरन र अनिकाल निवारण

पोखरीको पानी त रोक्नैपर्छ। यसका साथै यस उद्देश्यलाई अघि बढाउनका लागि गौचरनतर्फ पनि ध्यान दिनुपर्छ। गौचरनको विकासले यही काम सिकाएको छ। यसले दुई तरिकाले अनिकालसित लड्न सिकाउँछ। गाउँमा पोखरीभन्दा गौचरनको क्षेत्रफल धेरै हुन्छ। यहाँ एउटा बर्खा याममा ८–९ इन्च पानी एउटा ठूलो भूभागबाट तीव्र वेगले बगेर खेर जान्थ्यो। तर चौका पद्धतिले गर्दा एउटा कुनोदेखि अर्को कुनोसम्म बिस्तारै भूमिमा नै त्यो पानी रहिरहन्छ। यसरी यसले भूजललाई उठाउने काम गर्दछ। त्यहाँको सुक्खा जमिनको पेट भरिन्छ। यसरी पेट भरेर एसले त्यसको प्यास बुझाउँछ। र, राम्रो चिसानका कारण गौचरनमा घाँसको दरी बिछाउने काम गरिन्छ। यसबाट अनिकालसित लड्नका निम्ति पानी पनि रहन्छ। र, त्यहाँ गाईबस्तुका लागि पर्याप्त घाँस पनि भइरहन्छ।

यतिखेर लापोडियामा करिब दुई सयवटा घरहरू छन्। त्यहाँको बस्ती र खेतमा गरी जम्मा १०३ वटा कुवाहरू छन्। यिनमा पर्याप्त पानी छ। यसको प्रयोग खेती गर्न र हरियो चाराका निम्ति गरिन्छ। अरू गाउँमा अनिकालका बेला बाहिरबाट  सुक्खा चारा ल्याउनुपर्दथ्यो अथवा गाईबस्तुलाई राहत शिविरमा पठाउनुपर्दथ्यो। लापोडियाका हरेक घरले आफ्ना खेतका आधा वा एक बिघामा गाईबस्तुका निम्ति हरियो चारा उब्जाउछन्। यसको सुरक्षा गर्न करिब चार–पाँच इन्च माटोको पर्खाल पनि बनाइन्छ। यसमा कुवाको पानी भरेर सिंचाइ गरिन्छ। अनिकालका बेला यहाँका खेतमा हरियो बाली देखेर मानिस अचम्म पर्छन्। यसको नजिकै माटोको किल्लाजस्तो जमिनमा गाढा रंगको चारा देखेर जो कोही पनि तिनछक पर्छन्।

लापोडियामा पसिना बगाएर गौचर र पोखरीमा पानी रोक्ने काम गरिएको छ। यसले त्यस गाउँलाई हरियो–भरिलो बनाएको छ। र, त्यहाँ हरियाली छाएको छ। यसको रंग मानिसका मनमा पनि देख्न सकिन्छ। यही काम गर्नका निम्ति केही वर्ष पहिले त्यहाँ संघर्ष गरिएको थियो। आन्दोलन चलाइएको थियो। यी सब अन्यत्र पनि गर्नु जरुरी छ भन्ने कुरा लापोडियावासीका मनमा छ। गाउँलेको मन हरियो–भरियो हुनुपर्छ। यो काम आनन्द र सहयोगको जगमा भएको हुनुपर्छ। हिजोआज लापोडियाका मानिसले गौचरको परम्पराबारे पुराना बिर्सिएका कुराहरू जम्मा गर्दै छन्। उनीहरूले पुराना नियम र काइदा सम्झिदै छन्, बुझ्दै छन्। यिनीलाई फेरि दोहोऱ्याउनु जरुरी छ कि छैन यसबारे त्यहाँ परीक्षण हुँदै छ।

## गोहदः कडा अनुशासन

गौचर भन्ने शब्द गाई र गोबरलाई केन्द्रमा राखेर बनाइएको हो। तर गौचरमा गाईगोरुबाहेक उँट, भेडाबाखा पनि चर्न सक्छन्। त्यहाँ छिमेकी गाउँका गाईबस्तुलाई चर्न प्रतिबन्ध लगाइएको छ। यसको सोझो कारण छ। त्यो हो छिमेकी गाउँका गाईबस्तु अरूको गौचरनमा चर्न नजाऊन् भनी त्यहाँका मानिसले मेहनत गर्नैपर्छ। एउटा गाउँका गाईबस्तु एक सीमासम्म अरूका गौचरनमा चर्न जान सक्दैनन्। यसको राम्रो उदाहरण राजस्थानको भरतपुरमा पाइन्छ। यस क्षेत्रको एउटा ठाउँको नाम गोहद छ। भनिन्छ यहाँसम्म श्री कृष्ण आफ्ना गाईबस्तु चराउन आउन सक्थे। तर त्यसपछि उनको हद अर्थात् सीमा समाप्त हुन्थ्यो। हाम्रो समाजले आफ्नै किसिमको पशु पाल्ने व्यवस्था गरेको थियो। यस व्यवस्थामा तीन लोकका स्वामी भगवान श्रीकृष्णका निम्ति पनि साधारण गोठालोझैं कडा अनुशासन र नियम लागू गरिएको थियो।

यो गौचरनको व्यवस्था आफ्नो छिमेकी र अरू गाउँका आवश्यकतालाई ध्यानमा राखेर बनाइएको थियो। बाहिरका गाईबस्तुका बथान गाउँको गौचरबाट जान सक्थे। तर उनले अरूका गौचरनमा चरेर त्यसलाई उजाड्न नसकून् यसबारे सावधानी अपनाउने गरिन्थ्यो। उनीहरू त्यही बाटो भएर जान सक्थे, चर्न सक्थे। त्यहाँ भएको पानी पिउन सक्थे। तर लामो समयसम्म चर्न र त्यही गाउँको खेतमा बसाउनका निम्ति सहमति लिनुपर्दथ्यो। यस बसाइँको अर्थ थियो कि खेतमा बाली काटिसकेपछि ती

गाईबस्तु त्यहाँ बचेका ठुटामा चर्न सक्दथे। यसरी खेतमा गाईबस्तु बस्नाले त्यहाँ बकौंला, गोबर र मूत्रबाट मूल्यवान प्राङ्गारिक मल प्राप्त हुन्थ्यो।

पशुपालक खास गरी भेडे गोठालाहरू ठूलाठूला भेडाका बथानका साथ अलग मौसममा अलग–अलग बाटो हुँदै घुमिरहन्छन्। यिनको आउने–जाने नक्शा बाली कटाइको भित्ते पात्रोसित जोडेर बनाइएको हुन्थ्यो। सयौं–हजारौं भेडाहरू एक ठाउँमा चर्थे। र, त्यहाँको चारा सिद्धिएपछि अर्को ठाउँमा जान्थे। र, त्यहाँको खाली खेतमा बसेर गाईबस्तुको मलमूत्रबाट राम्रो घरेलु मल तयार गरिन्थ्यो।

किसान र भेडा पालकबीच सन्तुलित सम्बन्ध थियो। अहिलेका नयाँ बाली र भित्ते पात्रोले गर्दा त्यो सम्बन्ध टुटिसकेको छ। र, त्यही अनुपातमा यी दुई समुदायबीच भयंकर तनाव पनि देखिदै छ। मध्य प्रदेश र राजस्थानको दोसाँधमा हरेक वर्ष यिनीहरूबीच झडप पनि हुन थालेको छ। यो दुःखद परिस्थिति हो। र, यो स्थिति सुस्त–सुस्त राजस्थानमा पनि सर्न लागेको छ।

लापोडियामा गौचरन संरक्षण आन्दोलन भयो। र, यसको विस्तार अरू गाउँमा पनि सर्‍यो। यसबाट एउटा कुरो प्रस्ट छ। त्यो हो बाहिरी शत्रुसित लड्नु अपेक्षाकृत कम कठिन काम हो। तर आफ्नै मानिस, गाउँ, नातागोतासित लड्नुपर्‍यो भने केही अर्कै किसिमको परीक्षा अगाडि तेर्सिन्छ। यसमा संघर्षको स्वरूप, विरोध गर्ने नारा, धर्ना र, जुलुसभन्दा माथि उठ्नुपर्छ। आफूलाई सुधार्दै

गाउँलाई सुधार्नुपर्छ। सबैलाई मालिक बनाउँदै उनीहरूमा सेवकको भावना पनि आउनुपर्छ। यसरी एक न एकदिन लडाकुहरू पनि सेवकको भूमिकामा आउनैपर्छ।

हिजोआज लापोडियाको जलस्तर बढेको छ। यसैले त्यहाँका मानिसले एकदुई बिघामा हरियो चारा प्राप्त गर्दै छन्। यो कुनै छोटो अवधिको बाली होइन। त्यहाँ बाह्रैमास अर्थात् ३६५ दिन नै एक मन चारा निक्लिन्छ। यो स्वयंमा एउटा ठूलो उपलब्धि हो। त्यो पनि यस्तो गाउँमा जहाँ अनिकाल परेको छैठौं साल भएको छ।

## ठोक्राका कैयौं तीरहरू

किसानले पशुपालन गर्दा कतिपय कुराको ध्यान गर्नुपर्दछ। हामी एकै किसिमको भोजन गर्दा–गर्दा मिच्छिन्छौ। यस्तै गाईबस्तुमा पनि हुन्छ। गाउँ समाजले यिनीहरूलाई वर्षभरि छुट्टाछुट्टै तरिकाले चारा दिने भित्ते पात्रो व्यवस्थित रूपले बनाएको थियो। गाईबस्तु चर्ने ठाँउ जस्तै चोइली र बीड (गौचर वा चरन) त त्यहाँ थिए नै। यसबाहेक किसानका आँगनमा चारा राख्ने  भुखारा र भुरिया (यी दुवै चारा सुरक्षित राख्नका निम्ति बनाइएका विशेष किसिमका ठाउँहरू हुन्)  बनाइँदै आएको छ। भुखारा सातआठ हात चौडा यति नै अग्लो र पचास–साठी हात लम्बाइको एउटा कच्चा ढाँचा हुन्छ। यसमा तीस–चालीस ट्राली चारा वर्षभरिका निम्ति जम्मा गरिन्छ। एक ट्रालीमा करिब ४० मन हुन्छ। भुखारामा काटेको

चारा जम्मा गरिन्छ। यो जुनेलो, ज्वार र गहुँ आदि काटेका डाँठ र भुसबाट बनाइन्छ। यस ढाँचामा लम्बाइवाला हिस्सामा दुइटा प्वालहरू हुन्छन्। यिनलाई खोलेर आवश्यक चारा निकालिन्छ। शेष वर्षभरिका निम्ति सुरक्षित राखिन्छ। भुरियामा सिङला चारा जम्मा गरिन्छ। यसको आकार करिब २५ फुट उँचाइ र १५ फुट चौडाइ हुन्छ। यसमा ठुटालाई खुला आकाशमुनि राखिन्छ। यिनलाई विशेषरूपले जमाइएको हुन्छ। नभिज्ने र नकुहिने तरिकाले माथिदेखि तलसम्म त्यही चाराबाट पर्खाल बनाइएको हुन्छ। यसभित्र एक थोपा पानी पस्दैन। यस व्यवस्थाका माध्यमले गाईबस्तुलाई पूरै वर्षसम्म सार्वजनिक स्थानका अतिरिक्त घरमा पनि पौष्टिक खुराक प्राप्त भइरहन्छ। उपर्युक्त ढाँचाबाहेक एउटा अर्को ढाँचा पनि बनाइन्थ्यो। त्यसको नाउँ बागर (चारा राखने ठाउँ वा चारा बैंक) थियो। भारत स्वतन्त्र हुनुअघि यो ढाँचा चलन चल्तीमा थियो। व्यवस्थापक र रियासतको राजपाठ गएपछि यसको चलन पनि हरायो।

बागरको सुरक्षाका निम्ति तारबार लगाइन्थ्यो। यो करिब २५ हात चौडाइ, ४० हात लम्बाइ र १४ हात उँचाइ घाँसले बनाइएको हुन्थ्यो। कहिलेकाँही आगो आदिको दुर्घटना भयो भने पनि बस्तीमा खराब असर पर्नु हुँदैन। यसैले यसलाई गाउँको प्रमुख आवादीभन्दा अलि परै बनाइन्थ्यो। यस व्यवस्थामा कुनै पहरेदार हुन्नथ्यो। र, यसलाई कसैको निजी सम्पति मान्निनथ्यो। यसलाई पूरै गाउँ मिलेर हेरचाह गर्दथे।

बागर एक किसिमको चारा बैंक नै थियो। यो बैंक संकटको बेलामा खुल्दथ्यो, र, यतिखेर जति चारा लिइन्छ त्यति पछि राम्रो बाली भएपछि त्यसलाई कोषमा जम्मा गरिन्थ्यो। बागरको कोषबाट चारा लिनेबेला तराजुले तौलिदैनथ्यो। यो व्यवस्था गाउँको आफ्नै व्यवस्था थियो। र, यो व्यवस्था आफ्नै मानिसका निम्ति बनाइएको थियो। तैपनि चारा लिने र दिनेबेला मोटामोटी हिसाब राखिन्थ्यो नै। यसका निम्ति फेटाको उपयोग गरिन्थ्यो। प्रतिपरिवारलाई सात हातको फेटामा जति अट्छ त्यति नै चारा दिइन्थ्यो। त्यसमा जति पोका पारिन्थ्यो त्यति पोका अनाज पछि फिर्ता गर्नुपर्दथ्यो। ठोक्राका कैयौं तीरहरू हुन्छन् अर्थात् यसमा थुप्रै कुराहरू पनि हुन्थे। अनिकालसित लड्नका निम्ति गाउँमा यस्तो व्यवस्था गरिएको थियो। यस व्यवस्थामा चाराको व्यवस्था त थियो नै।

## खाई (खाल्डो) र अनिकाल

यस्तै संकटको घडी पार गर्नका निम्ति अन्न भण्डार गर्ने व्यवस्था पनि गरिएको थियो। यसका लागि खाई (अन्न भण्डार गर्ने एक किसिमको सुक्खा कुवाजस्तो खाल्डो) नाउँ गरेको एउटा ढाँचा बनाइन्थ्यो। यो व्यवस्था रियासतपछि पूर्णतः लोप भइसकेको छ। यसमा अन्न भण्डार गरेर अन्न सुरक्षित राखिन्थ्यो। हरेक खाई (अन्न भण्डार गर्ने एक किसिमको सुक्खा कुवाजस्तो खाल्डो) लगभग १० देखि १५हात गहिरो र ७ हातको व्यासको गोलाइ हुन्थ्यो। यो गोलाइ तलबाट माथि आउँदा सांगिरिंदै जान्थ्यो। अनि माटोको ढक्कन बनाएर खाई को मुख बन्द गरिइन्थ्यो। त्यसपछि त्यसमा अनाज राखिन्थ्यो। यस्ताखाईहरू (सुक्खा कुवाजस्ता

खाल्डाहरू) अलि अग्ला ठाउँमा बनाइन्थे। ताकि बर्खे पानी र चिसानले त्यसलाई बिगार्न नसकून्। खाईभित्र बडो सावधानीपूर्वक गोबर र माटोले लिपिन्थ्यो। अन्नमा कीडा नलागोस् भनेर थोरबहुत खरानी मिसाइन्थ्यो। यसैले भन्नैपर्छ, यो एउटा वैज्ञानिक काम नै थियो।

भारत स्वतन्त्र हुनुअघि लापोडियामा बीसवटा खाईहरू (सुक्खा कुवाजस्ता खाल्डा) थिए। बालीनाली सप्रियो भने हरेक घरबाट निश्चित अनाज खन्याएर बन्द गरिन्थ्यो। गाउँका खाईहरू नभरुन्जेल एक गेडा अन्न पनि बाहिर बेच्न पाइँदैनथ्यो। यिनमा तीन वर्षसम्म अन्न सुरक्षित राखिन्थ्यो। यति बेलासम्म अनिकाल परेन भने किसानको अन्न फिर्ता गरिन्थ्यो। अनिकाल परि नै हाल्यो भने त्यो खोलिन्थ्यो। अनिकालको संकट पर्‍यो भने गाउँका दुईवटा पटेल र व्यवस्थापकको एउटा सानो बैठक बसेर खाई खोल्ने निर्णय तुरुन्त गरिन्थ्यो। त्यसपछि प्रत्येक घरपरिवारको आवश्यकता हेरेर एकपछि अर्को खाई खुल्दै रहन्थ्यो। अनि, अनाज वितरणको काम हुने गर्थ्यो। सामान्यतः प्रतिपरिवारलाई प्रतिमहिना एक मन अन्न बाँडिन्थ्यो। अनिकाल सिद्धिएपछि फसल सप्रियो भने यिनै परिवारबाट चालीस किलोको साटो पचास किलो अन्न फिर्ता गरेर खाईमा सुरक्षित राखिन्थ्यो।

गाउँका बीस खाई (अन्न भण्डार गर्ने सुक्खा कुवा) मध्ये चारवटा व्यवस्थापकको गढभित्र थिए। शेष १६वटा गाउँको सार्वजनिक स्थानमा बनाइएका थिए। ती १६वटाको सुरक्षाको

जिम्मेवारी तिनको अघि पर्ने घरको हुन्थ्यो। यी परिवार सबै जाति र सबै किसिमका आर्थिक स्थिति भएका हुन्थे। एउटा खाई मन्दिर अघिल्तिर थियो। यसको रखवारी स्वयं पुजारीले नै गर्दथे। भगवानको पूजा गर्दा भक्त र गाउँको पनि पूजा गरिन्थ्यो। गढभित्र चारवटा खाई राख्नुको खास कारण थियो। जस्तो कि कुनै हमलामा गाउँका खाईहरूमा आगो लगाइयो भने कमसे कम गढका चारवटा खाई सुरक्षित रहन सक्लान्। हिजोआज भारतीय खाद्य निगमजस्तो व्यवस्थाले गाउँको अन्न बाहिऱ्याएर निकै टाढा शहरमा जम्मा गर्दछ। तर संकटको घडीमा त्यसलाई गाउँमा फिर्ता गर्न सक्दैन। खाई  खाद्य सुरक्षाको धेरै राम्रो प्रबन्ध थियो।

## गौचरको प्रसाद

लापोडिया दुई सयवटा घरहरू भएको एउटा सानो गाउँ हो। हिजोआज यस गाउँले पशुपालन र खेतीबारीबीच बिग्रिसकेको सम्बन्धलाई जोडेको छ। यसले एउटा ठूलै काम गर्दै छ। ६ वर्षको अनिकालपछि अहिले यहाँ पर्याप्त दूध उत्पादन हुँदै छ। यसलाई पनि सन्तुलन गरेर राखिएको छ। आफूलाई चाहिने दूध राखेर बाँकी जयपुरको डेरी फार्ममा दिइन्छ। अनिकालपछि पनि त्यहाँको दूध डेरी फार्मका केन्द्रहरूमा जम्मा गरिइँदै छ। त्योभन्दा मात्रा र गुणवत्तामा पनि ज्यादा लापोडियाबाट जम्मा हुन्छ। यस गाउँमा शुद्ध चारा पाइन्छ। यहाँ जुनेलो, बाजरा, ज्वार र हरियो घाँसपात उत्पादन गर्दा रसायनिक मल र कीटनाशक औषधी बिलकुलै प्रयोग गरिन्न। यसैले आजभोलि यहाँ शुद्ध दूध पाइन्छ। यहाँ

राम्ररी सप्रिएको बालनाली लाग्छ। र हरेक घरको नजिकै भुरिया (यो पनि चारा सङ्ग्रहका निम्ति बनाइएको हुन्छ। जस्तै काठमाण्डूमा गाईबस्तुले खाने पराल राखेको ठाउँलाई कुनिउँ भनिन्छ)। कसैको घरमा धेरै भूरियाहरू (चारा राख्ने ठाउँ) पनि नाइएको हुन्छ। यसमा बाली काटिसकेपछि बचेका ठुटा चाराको रूपमा सङ्ग्रह गरिन्छ। र, आइपर्ने संकटको बेला यसको उपयोग हुने गर्छ।

लापोडियाले पोखरीहरू त बचाएकै छ। यसका साथै यस गाउँले गौचर पनि सम्हालेर राखेको छ। र, यी दुवै मिलेर अर्थात् पोखरी र गौचर मिलेर लापोडियालाई बचाएका छन्। हिजोआज गाउँको प्यास मेटिसकेको छ। त्यहाँ ६ वर्षसम्म लगातार अनिकाल परेको थियो। तैपनि अहिले त्यस गाउँको चारैतिर हरियाली छ। कोइलीको मधुर गीत सुनिन्छ। सामान्य चराचुरुङ्गीहरूको असाधारण चिरबिर पनि त्यतिकै छ।

लापोडियाका गल्ली, सडक र चौकको नाउँ कुनै जननायकका नाउँमा राखिएको छैन। गाउँमा कहींकतै गान्धीजीका आदर्शलाई मूर्तरूप दिने प्रयत्न हुँदै छ। गाउँका पुराना झैझगडा आपसमा कुराकानी गरेर समाप्त गरिइँदै छ। र त्यहाँका मानिसहरूलाई प्रहरी र कचहरीको चक्कर लगाउनुपर्दैन। बरु उनीहरू हरेक चाडपर्वमा मिलिजुली नाच्छन्–गाउँछन् र अबीर खेल्ने गर्छन्। गाउँमा नरसिङ्गा, ढोल, र नगाडाको आवाज सुन्न पाइन्छ। भन्नुपर्दा, त्यहाँ आनन्दको वर्षा भइरहेको छ। तैपनि यस्तो बेलामा त्यस गाउँका बुज्रुग रामकरण दादा, कालु दादा, दादा रामकरण

मामा र तिनका दोस्रो पुस्ताका युवा–युवतीहरू कुनै पनि दिन आसपासका र टाढा गाउँहरूमा गएको थाहा पाइनेछ। ताकि त्यहाँ पनि लापोडिया जस्तै पोखरी तथा गौचरको प्रसाद आनन्दले बाँड्न सकियोस्। लापोडियामा असल विचारबाट असल कामहरूको श्रीगणेश भइसकेको छ।

# ४.

# भाषा र पर्यावरण

पहिले समाजको पर्यावरण बिग्रिन्छ कि भाषा? यसलाई बुझेर, हामी अघि बढिसकेका छौं। हामी 'विकसित' भइसकेका छौं।

भाषा भनेको जिब्रो मात्रै होइन। भाषा अर्थात् मन र मस्तिष्क पनि हो। मन र मस्तिष्क एउटा समुदायसित सम्बन्धित हुँदैन। बरु यिनले एउटा ठूलो समुदायलाई ओगटेका हुन्छन्। यिनले आफ्नो वरपरको र टाढाका सबै दुनियाँदारीलाई जाँचेर–बुझेर व्यवहार गर्ने संस्कार सहजरूपले अपनाउने गर्छन्। यी संस्कारहरू थोरबहुत समाजको माटो, पानी र हावामा अंकुरित हुने गर्छन्, फल्छन्–फुल्छन्। कुनै ओइलाए भने पनि तिनका सुकेका पात त्यहीं झर्छन्। र, त्यहीं माटोमा मल तयार हुन्छ अर्थात् असफलताका ठोक्करको अनुभवबाट पनि समाजले केही नयाँ कुरा सिकिरहेको हुन्छ।

तर कहिलेकाँही केही मानिसको मस्तिष्क अलिकति भए पनि फेरिन थाल्छ। यस मस्तिष्कले फेरि आफ्नो भाषा पनि बदल्छ। र, यो बदलिएको भाषा कसैलाई थाहै हुन्न। समाजका सजग मानिने मानिसको पनि कान ठाडो हुन पाउँदैन। यसको विश्लेषण र

आलोचना त परैको कुरो हो। यसलाई कुनै सुब्बा वा खरदार समेतले दर्ता गरेको देखिदैन।

हिजोआजका मानिसको मस्तिष्क बदलिएको छ। यही कारण पछिल्ला ५०–६० वर्ष यता हिन्दी भाषाको एउटा ठूलै जन्ती आएको छ। जन्तीहरू एकसे एक छन्। तर सबभन्दा पहिले दुलहा राजालाई हेरिन्छ। दुलहा हो– 'विकास' नाउँ गरेको शब्द। आजको अर्थमा पहिलोपल्ट यो शब्द हिन्दीमा कहिले मिसियो यसको ठीक इतिहास थाहा छैन (सन् ५० को दशकमा यसको प्रयोग शुरु भएको मानिन्छ)। तर यस शब्दले पर्यावरणलाई निकै अनर्थ गरेको छ। सायद त्यति अनर्थ अरू कुनै शब्दबाट गरिएको होला। 'विकास' शब्दले मस्तिष्क बदल्यो। अनि त्यसले अनगन्ती अंगका तरंग थामने काम गर्‍यो। अङ्ग्रेज आउनुअघि समाजका अंगहरूको बाकाइदा राज थियो। यो भिन्न 'विकासको अवधारणा'का कारण यहाँका मानिस आदिवासी भनिन थाले। नयाँ मस्तिष्कद्वारा नयाँ देश विकासको नक्शा कोरियो। त्यसमा धेरैजसो इलाकाहरू 'पछौटे' शब्दले रंगाइए। पञ्च वर्षीय योजनाहरू बन्न लागे। तर तिनले पनि केही फारेनन्। यस्तै पिछडिएका इलाकाका सम्पन्नता, वन, खनिज र फलामले अपरिष्कृत देशका अगुवा मानिएका केही भूभाग टिकेकाजस्ता देखिन्छन्।

केही मुट्ठीभर मानिस देशको सर्वाङ्गीण विकास गर्न जुटेका छन्। ग्राम विकास, बाल विकास, महिला विकासजस्ता सबैको लाइन लागेकै छ।

तर यसका निम्ति आफूले आफैंलाई चिन्नुपर्छ। समाजलाई बुझ्नु पनि त्यत्तिकै जरुरी छ। यसलाई नबुझी विकास गर्नु भनेको विचित्र र उत्ताउलो मात्रै ठहरिनेछ। तर आज यसैमा सबैको गजबको सर्वसम्मति भएको पाइन्छ। राजनीतिक दल, सरकार, सामाजिक संस्था, धार्मिक संगठन वा वर्ग संघर्ष सबका सब यही विकासको काममा लागिपरेका छन्। यिनीहरूलाई यसैमा गर्व छ। यो नयाँ विकासको 'धनी भाषा' हो। यसले एउटा नयाँ रेखा खिंचेको छ–गरिबीको रेखा। तर सम्पन्न मानिसहरूले नै गरिबीको यो रेखा खिंचेका हुन्। उनीहरूले यस रेखालाई तल झार्ने तमाम प्रयास गरेकै छन्। तर उनीहरूले रेखाको तल बस्नेहरूलाई माथि उकास्नुको साटो झन्झन् ओराल्दै छन्। यही नै ती रेखा खिंच्नेहरूको गरिबी हो। यति कुरो बुझे भो।

पर्यावरणको भाषा यो सामाजिक–राजनीतिक भाषाभन्दा रत्तिभर पनि अलग छैन। त्यसलाई हिन्दी भन्नुपर्दा पनि डर लाग्छ। धेरै भयो भने आजको पर्यावरणका धेरैजसो भाषा देवनागरीमा भन्न सकिन्छ। राजधानी दिल्लीको पर्यावरण मन्त्रालयदेखि हिन्दी राज्यका टोल, गाउँसम्मका निम्ति पर्यावरणसम्बन्धी संस्थाहरू खुलेका छन्। लिपिका कारण यी संस्थाका भाषा कहिले पढेर सक्नु! यस्ता साहित्य, लेखाइ र रिपोटमा अस्पष्ट हिन्दीका शब्दहरू भरिएका छन्।

कचरा (कच्चर, लेदो, तथा फोहर) शब्द र यसबाट बनेका विचित्र योजनाहरूको चाङ नै लागेको छ। यस चाङलाई पुनरावृत्ति

पनि गर्न सकिइँदैन। यसबारे दुईचारवटा नमूना हेरे पुग्छ। सन् १९८० भन्दा आठ–दश वर्ष अघिसम्म देशभरि नै 'सामाजिक वानिकी' (वनसम्बन्धी) नाउँ गरेको योजना चल्यो। असामाजिकका निम्ति वानिकी के हो भन्ने कुरो कसैले पनि सोधेन। यदि यस शब्दको सम्बन्ध वनसित छ भने हरेक गाउँमा यस्ता विशिष्ट ग्राम वन र पञ्चायती वनका निम्ति भरिभराउ शब्दभण्डार, विचार र व्यवहारको संगठन धेरै समयदेखि रहिआएको छ। कतै त्यसमा थोरै धूलो लाग्यो भने कतै त्यो ओइलायो। तर त्यो मरेन। त्यतिखेर कुनै संस्था अघि सरेन। हिजोआज मरुप्रदेशमा ओरण (अख्यबाट बनेको शब्द, वन वा जंगल) छ। यिनीलाई वन देवीदेउताका नाउँमा छोडिन्छ। कतैकतै त यस्ता जंगल कैयौं टाढासम्म फैलिएका छन्। यिनको विस्तार र संख्याको कुनै व्यवस्थित जानकारी छैन। मानिसले ओरणबाट झिंजामिजा ल्याउँदैनथे। यो कुरो वन विभागले कल्पना पनि गर्न सक्दैन।

अनिकाल पऱ्यो भने तीवनहरू खुला गरिन्छन्। यसै पनि यी सधैंभरि खुलेकै हुन्छन्। त्यहाँ तारबार र पर्खालसमेत लगाइएको हुँदैन। तर त्यहाँका मानिसमा त्यसप्रति श्रद्धा र विश्वास छ। यिनै श्रद्धा र विश्वासको घेरा त्यहाँ लागेको हुन्छ। र, यिनैले तिनको सुरक्षा र रेखदेख गर्दछन्। हजार–बाह्र सय वर्ष पुराना ओरण (वन र जंगल) पनि त्यहाँ पाइन्छन्। भनिन्छ, त्यहाँ हरेक बच्चाको जिब्रोमा ओरण (वन र जंगल) शब्द झुण्डिएको हुन्छ। केही वर्ष अघिसम्मको कुरो हो। त्यतिखेर राजस्थानका सामाजिक संस्था र वन विशेषज्ञलाई यस परम्पराबारे थाहा थिएन अर्थात् उनीहरू

यसबारे अपरिचित र अनभिज्ञ नै थिए अथवा जानकारी थियो भने पनि त्यो शोधको अन्दाजमा कुतूहलले भरिएको थियो। ममत्व र अपनत्व हाम्रा परम्परा हुन्। र, यस्तो भाव त्यो जानकारीमा हुने कुरै भएन।

यस्तो हिन्दीको सूचि लामै छ। तर कुरो लाजलाग्दो छ। देशको बन्जर भूमिको विकासका निम्ति एउटा योजना तयार गरियो। त्यसको सारा भाषा नै बन्जर थियो। सरकारले त्यसमा लगभग ३०० करोड रुपैयाँ लगाएको होला। र, त्यो भूमि बन्जरको बन्जर नै रह्यो। अनि त्यो योजना फिर्ता गरियो। र, अहिले फेरि एउटा ताजा योजना अघि सारिएको छ। त्यसको नाउँ 'जलागम क्षेत्र विकास' हो। यो अङ्ग्रेजीको 'वाटरशेड डेभलपमेन्ट' को हिन्दी रूप हो। यसबाट लाभ लिनेलाई लाभार्थी भनिन्छ। कतै हितग्राही पनि चलेकै छ। 'युजर्स ग्रुप' को सोझो अनुवाद उपयोगकर्ता समूह पनि यहाँ छ। एकातिर साधन सम्पन्न योजनाहरू छन्। तर ती समाजबाट काटिएका छन्। तिनले जनसहभागिता भएको दाबी गर्दछन्। तर जनता तिनबाट टाढिएका देखिन्छन्। अर्कोतिर पानी र माटोको खेललाई बुझ्ने समाज पनि छ। त्यसले यो खेल खेल्न राम्ररी जानेको छ। यसका निम्ति आनन्ददायी नियम, परम्परा र संस्थाहरू बनाइएका थिए। त्यसले कुनै अपरिचित शब्दावलीको सट्टा एउटा बिलकुलै आत्मीय ढाँचा तयार गरेको थियो।

चेरापुञ्जीमा असाध्यै पानी पर्छ। यसको उल्टो जैसलमेरमा कुल चारपाँच इन्च वर्षा हुन्छ। तैपनि ती दुवै ठाउँमा आनन्द

वर्षिएकै हुन्छ। मानौं यस्तै आनन्द लिने वातावरण तयार गरिएको हुन्छ। हिमपातदेखि बलौटे आँधीबेहरी लाग्ने ठाउँमा पानीको काम गरिन्थ्यो। उनीहरूको निकै ठूलो संगठन थियो। यत्रो संगठन कसरी बनाइयो होला ? त्यो संगठनले करिब चार–पाँच लाख गाउँहरूमा काम गर्दथ्यो। त्यसको आकार निकै ठूलो थियो। साँच्चीकै त्यो निराकार भइसकेको थियो। यतिखेर पानी र पर्यावरणसम्बन्धी काम गर्ने ठूल्ठूला संस्थाहरू छन्। यिनले त्यो गजधरको संगठनको कल्पना गरेर हेरे भयो। तर 'वाटरशेड डेभलपमेण्ट' 'जलागम क्षेत्र विकास' मा काम गर्ने सरकार र संस्थाले त्यो निराकार संगठनलाई देख्दैनन्। त्यो निराकारसित ठोक्किएर ती ढल्लान् पनि। तर तिनले उसलाई हेरेर चिन्न सक्दैनन्। त्यो संगठनका निम्ति पोखरी एउटा 'वाटर बाडी' मात्रै थिएन। त्यो उसको रतन तलाई थियो, झुमरी तलैया थियो। त्यसले यिनैको लहरमा आफ्नो पुर्खाको छवि देख्थ्यो। तर आजको भाषा अर्कै छ। यतिखेर त 'जलागम क्षेत्र विकास' लाई मत्स्य पालनबाट हुने आम्दानीमा परिवर्तन गरिएको छ।

यसरी नै नदीले त घरमा बिजुली बाल्नुपर्ने हो। तर बिजुलीको बल्ब नबलेर त्यहाँको पानी समुद्रमा मिस्सिदै छ। र, त्यो पानी खेर जाँदै छ भन्ने कुरो गरिन्छ। यस्तो कुरा गर्नु भूल हुनेछ। बिजुली जरुर बल्नुपर्छ, तर समुद्रमा पानी बगाउनु पनि नदीको एउटा ठूलो काम हो। यसलाई हाम्रो नयाँ भाषाले बिर्सिंदै छ। समुद्रतटीय

क्षेत्रमा भूजल बृहत्स्तरमा खार हुन थाल्यो भने हामीलाई नदीको योे भूमिकाको महत्त्व थाहा हुनेछ।

तर आजभोलि हाम्रो भाषा नै खार भइसकेको छ। पहिले सरल र सहज शब्दको धाराहरूबाट त्यो मीठो बन्थ्यो। ती धारालाई बिलकुलै नीरस, बनावटी, पर्यावरणीय, र पारिस्थितिकीयजस्ता शब्दले बाँध्ने काम हुँदै छ। आफ्नै भाषा आफ्नै आँगनमा विस्थापित भइरहेको छ। त्यो आफ्नै आँगनमा पराई बन्दै छ, बिरानो हुँदै छ।

# ५.
# साध्य, साधन तथा साधना

यो शीर्षक नत अलंकारका निम्ति हो, नत अहंकारका निम्ति नै हो। यहाँ थुप्रा साना–ठूला संस्थाहरू छन्। यी संस्थाका सञ्चालक पनि कुशल नै छन्, सक्षम छन्। हामीजस्ता कार्यकर्ताहरू पनि छौं। पैसा जुटाउने उदार मन भएका देशी–विदेशी अनुदान दिने संस्थाहरू पनि छन्। यी सबैले समाजका सारा काम गर्दै छन्। तर वास्तवमा यिनले यस शीर्षकका यी तीनवटा शब्दहरू बारे सोच्नैपर्ने भएको छ। भनिरहनु पर्दैन, साध्य र साधनबारे त थोरबहुत कुराकानी भएकै हुन्छ। तर यसमा साधना पनि जोड्नुपर्ने छ। यति भए पुग्छ।

कुनै पनि काम गर्दा स्थानीय साधन (आफ्नै गाउँ, बस्ती र शहरमा भएका साधन) जुटाउने हो वा सात समुद्रपारिबाट ल्याउने हो यसबारे पर्याप्त मतभेद हुन सक्छ। यसैले यसबारे केही कुरा अघि राख्न चाहन्छु। तर कमसे कम साध्य त हाम्रै हुनुपर्छ भन्ने मेरो भनाइ हो। केही अपवादलाई छोडौं। प्रायः के हुन्छ भने साधानको कुरो त परै छ, हामीले आफ्नो साध्य पनि देख्दैनौं। यहाँ साधय शब्दलाई सम्पूर्ण अर्थमा अर्थ्याइएको छ। र, यो कामचलाउ हलुको अर्थमा पनि छ, अर्थात् काम, लक्ष्य, कार्यक्रम आदि।

मैले पर्यावरण विषयमा सीमित अनुभव बटुलेको छु। तसर्थ केही कुरा अघि सार्न चाहन्छु। यस क्षेत्रमा धेरैजसो संस्थाहरूले काम गर्दै छन्। तर तिनले साध्य र लक्ष्यका मामिलामा लगातार हण्डर खाँदै छन्। कुनै बखत पर्यावरणको 'शेयर बजार' मा सबभन्दा उच्च दाम 'सामाजिक वानिकी' को थियो। मानिसले अझैसम्म यसलाई बिर्सेका छैनन् होला। त्यसो भए असामाजिक वानिकी पनि के थियो ? तर, यसबारे कुनै बहस नचलाएर हामी सबै त्यसमा जुट्यौं। पछि फेरि बन्जर भूमिको विकासको दौड चल्यो। अङ्ग्रेजीमा यसलाई 'वेस्ट ल्याण्ड डेभलपमेण्ट' भनिन्छ। 'वेस्ट ल्याण्ड' भनेको के हो यसबारे पनि बहस चलाइएन। यसमा असाध्यै साधन र समय वेस्ट अर्थात् बरबाद भयो। यही साध्यमा बन्जर जमिनको विकास गर्ने सारा उत्साह अचानक अकालमा मृत्यु भयो। र, यसको साटो हामी सबै अहिले 'वाटरशेड डेभलपमेन्ट' मा रमाइसकेका छौं। यस नयाँ कार्यक्रमको हिन्दीदेखि सिन्धीसम्म अनुवाद भइसकेको छ। जल ग्रहण क्षेत्र र जलागम क्षेत्रका शब्द पनि चलिरहेकै छन्। यसैलाई अलिकति भए पनि मराठीले–'पानलोट' विकास नाउँ राखेका छन्। तर मूलतः यी सबका पछाडि एउटा विचित्रको वाटरशेड को कल्पना गरिएको छ।

अर्को एउटा नयाँ झण्डा पनि फहराइएको छ। त्यो झण्डाको नाउँ 'ज्वाइन्ट फारेस्ट म्यानेजमेन्ट' हो। यसमा पनि हाम्रा कहलिएका हिन्दी प्रतिभा पछि परेका छैनन्। 'संयुक्त वन प्रबन्ध कार्यक्रम' फलिफुलिरहेको छ। यदि हामीले आफ्नो संस्थालाई तल्लोस्तरसँग जोडिएको छ भन्छौं भने संयुक्त शब्दमा आपत्ति हुनुपर्छ। त्यसपछि

'साझा' शब्दले यसलाई लडाइदिन्छ। नाउँ जेसुकै राखे पनि काम यानि साध्य वर्ल्ड बैंक हो। यसैलाई हिन्दीमा भन्नुपर्दा विश्व बैंकले निर्धारण गरेको हुन्छ। साधन पनि यस्तै संस्थाहरूबाट आइरहेका हुन्छन्।

यो विवरण मजाक र व्यंग्यको विषय होइन। साँच्चीकै हामीलाई दुःख्ख लाग्नुपर्ने हो। मानिलिऊँ, नयाँ कामका निम्ति यति कुरा आवश्यक पऱ्यो रे। तैपनि जे.एफ.एम. अर्थात् ज्वायन्ट फोरेष्ट म्योनेजमेन्टको काम गर्दाखेरि यो ज्वायन्टभन्दा 'सोली' म्यानेजमेन्ट कसको थियो? कति बेलादेखि थियो भन्ने कुरो सोच्नैपर्थ्यो। वन विभागले आफ्नो काँधमा देशभरिको वन प्रबन्धको भारी कसरी बोक्यो। त्यो भारी बोकेर त्यो कसरी लुडबुडियो। र, यसले गर्दा सम्पूर्ण देशको पर्यावरणले कति ठूलो मूल्य चुकायो ? यी वनलाई कुन भेगबाट कति निर्ममतापूर्वक छिनियो। र, त्यो गर्विलो एकल वन प्रबन्ध ? त्यत्रो विदेशी अनुदानबाट सम्हालिएन। अनि एक्कासि संयुक्त प्रबन्धको याद कसरी आयो? क्षणभरका निम्ति झुट्टो नै सही एकल वन प्रबन्धकहरूलाई सार्वजनिक रूपमा केही पश्चाताप त हुनु नै पर्ने थियो। क्षमा माग्नुपर्ने थियो। यो त बडो गह्रौं भारी छ, हाम्रो एक्लैको बुताको कुरो यो रहेनछ। विगतको गल्ती माफ गर, अलिकति भए पनि साथ देऊ।

भन्नैपर्छ, साधन र साध्यको यो दौड अनौठो नै छ। यस दौडमा यस उधारीकरणले सबै काम गर्दै छ। पर्यावरणको सीमित विषयमा जुन स्थिति छ त्यही स्थिति समाजका अन्य महत्त्वपूर्ण

विस्तृत क्षेत्रमा पनि पाइनेछ। महिला विकास, बाल विकास, सशक्तिकरण, बँन्धुवा मुक्ति, महाजन मुक्ति, बाल श्रमिक, लघु वा अल्प बचत, प्रजनन स्वास्थ्य, 'गर्ल चाइल्ड' जस्ता सबै काममा लाजमर्दो रूप देखिन्छ। तर हामीले भने आँखा चिम्लेर यिनैलाई जप्दै छौं।

युरोप र अमेरिकाको सामाजिक टक्सालमा केही शब्द र सिक्का ढालिन्छ। ती त्यहाँ चलोस् वा नचलोस्, तर हामीकहाँ भने ती चलिरहेकै छन्। यीमध्ये केही महत्त्वपूर्ण मानिएका काम पनि छन्। यिनलाई गर्नैपर्ने हुन्छ। यो सम्भव हुने कुरो पनि हो। तैपनि हामी सबैको ध्यान यी काममा पहिले किन गएन? हामीले यति कुरो त सोच्नैपर्ने हो।

सामाजिक कामसम्बन्धी 'शेयर बजार' चल्दै छ। यस काममा सामाजिक संस्था र सरकार दुवैको गजबको समझदारी र सहभागिता भएको पाइन्छ। केन्द्रदेखि राज्यस्तरका सबै विचारधाराका दलका सरकारको यसबारे सर्वसम्मति भएकै छ। विश्व बैंकले हरेक महिनामा २00 पन्नाको एउटा बुलेटिन निकाल्छ। यसमा विगत महिनामा सबै देशका सरकारलाई दिइएको ऋणको विस्तृत बेहोरा दिइएको हुन्छ। यसलाई हेर्नुहोस्, डलर विचारको करेन्सीमा बदलेको छ भन्ने पक्का विश्वास हुनेछ।

सबै बिकिसकेका छन् भन्ने कुरो पनि होइन। यस वृत्तिसँग लड्ने मानिस पनि छन्। तर कैयौंपटक खल नायकसित

लड्दा–लड्दै हाम्रा नायक पनि त्यस्तै बनिहाल्छन्। अहिले एउटा पुस्ताले संकटकाल (भारतमा प्रधानमंत्री इन्द्रिरा गान्धीले सन् २५ जुन, १९७५मा लगाएको संकटकाल) लाई बिर्सेको छैन। त्योसित लडेर–जितेर हाम्रा श्रेष्ठ नायकहरू सत्तामा आए। त्यसपछि उनीहरूले सर्वव्यापी पेय कोकाकोलालाई लखटेर भगाएका थिए। यसको साटो त्यस्तै रंग र त्यस्तै बोत्तलमा त्यति नै परिमाण अर्थात् अलिकति पानी भरेर त्यसको नाउँ कोकाकोला बदलेर ७७ (सतहत्तर होइन) डबल सेभेन (77) राखे– संकटकालको माध्यमले स्मृतिलाई समाजको मनमा स्थायी रूप दिन! यानि हामीसित कठिन समयलाई सम्झिने योभन्दा सजिलो उपाय अरू केही थिएन। भैगो, यो पनि ठीकै छ, स्वीकार छ। कष्टका दिनलाई मनोरन्जन र शीतल पेयका माध्यमले स्मरण गरिने नै भयो।

हामीले त्यसलाई पनि टिकाउन सकेनौं। डबल सेभेन डुब्यो। ती नाइकेहरू पनि डुबे। फेरि कोकाकोला फिर्ता आयो। यतिखेर यो पहिलेभन्दा पनि ज्यादा जोशका साथ आयो। हाम्रा डुबेका नाइकेहरू फेरि फर्के। यो संयोग नै हो। यो प्रसङ्ग सहअस्तित्वको एउटा सुन्दर उदाहरण हो। हाम्रा अघिल्तिर थुप्रा कामहरू छन्। साधनको बहसले हामीलाई साध्य, लक्ष्य र कार्यक्रम खोज्न नसकिने ठाउँमा पुऱ्याउनेछ। एकपल्ट साध्यलाई बुझ्यौं भने बाहिरका साधन पनि त्यसतर्फ मोडिन सक्छ। साध्य आफ्नो भयो भने साधन पनि एकएक गरी जुट्दै जानेछन्।

यसबारे एउटा सानो उदाहरण दिन सकिन्छ। जयपुर जिल्लामा एउटा गाउँ छ। त्यहाँ धेरै गरिबी छ। त्यस गाउँमा काम

गर्नको निम्ति त्यहाँ एउटा संस्था छ। त्यस संस्थाले बाहिरको सहयोगबाट पानी जुटाउन करिब ३०,००० रुपैयाँ खर्च गरेर एउटा पोखरी बनायो। यसले गर्दा त्योप्रति त्यहाँका मानिसको आत्मीयता बिस्तारै बढ्न लाग्यो। कुरै कुरामा एउटा बुज्रुग किसानले भने कि पोखरी त ठीकै छ। तर यो गाउँको होइन, हाम्रो होइन, सरकारीजस्तो लाग्छ। यो आफ्नो कसरी बन्ला भन्ने कुरो कसैले सोध्यो। यसमा ढुङ्गाको एउटा छतरी (स्थायी पक्की मण्डप) स्थापित हुनुपर्छ भन्ने कुरो ती किसानले गरे। त्यो बनाउँदा लाग्ने अन्दाजी लागत निकालियो। त्यसको किमत पोखरीको लागतभन्दा ज्यादा निस्क्यो। त्यस संस्थाले आफूले यो काम गर्न नसक्ने कुरो भन्यो। हामीसित पोखरीका निम्ति मात्र अनुदान छ, छतरी (स्थायी पक्की मण्डप)का निम्ति छैन भन्ने कुरो अघि सारियो। छतरीका लागि संस्थासित कसले नै मागिरहेको छ भन्ने उत्तर गाउँलेले दिए। गरिब मानिएका गाउँलेले हेर्दाहेर्दै त्यहाँ थुप्रैं रूपैयाँपैसा चन्दाबाट जम्मा गरे। उनीहरूले आफ्नो श्रमदान गरे। अनि पोखरीको डिलमा बाजागाजा र पूजाअर्चनाको साथ छतरी (स्थायी पक्की मण्डप) स्थापना गरियो।

यो फिजुलखर्ची हो भन्ने कुरो कसैको होला। तर यो भवन र घरको अन्तर हो। समाजलाई पानीको ढाँचा मात्र चाहिएको होइन। उसलाई ममत्व पनि चाहिन्छ। छतरी (स्थायी पक्की मण्डप) निर्माण गर्नाले त्यो पोखरी सरकारी वा संस्थाको प्राविधिक ढाँचा नभएर एउटा आत्मिक ढाँचामा बदलिन्छ। अनि फेरि समाजले त्यसको रेखदेख गर्दछ।

अङ्ग्रेज आउनुअघि यहाँका ५ लाख गाउँ, केही हजार टोलबस्ती, शहर र राजधानीमा गरी करिब २० लाख पोखरीहरू थिए। समाजले वाटर मिशन र वाटरशेड डेभलपमेन्टबिना नै ती सब बनाएका थिए। त्यहाँका मानिसले आफैं तिनको रेखदेख र टुटफुटको समेत मर्मत गर्दथे। एकक्षिण कल्पना गरौं। र, एउटा यस्तो देश जहाँ चेरापुञ्जी र जैसलमेरका जस्ता विचित्र परिस्थिति भएको देश छ। त्यहाँको समाजले त्यो ढाँचाको आकार, प्रकार, जनबल, बुद्धिबल र सांगठनिक बलले देशभरि नै पानीको प्रबन्ध गर्दथ्यो।

पोखरीसम्बन्धी यो एउटा सानो कुरो हो। तर यसैले एउटा कुरो प्रस्ट गरेको छ। त्यो हो – साध्य आफ्नो छ भने साधन पनि आफ्नो हुन्छ र त्यो जुट्दै जान्छ। हो, त्यसका निम्ति साधना भने चाहिन्छ नै। हिजोआजका संस्थाले पूरै संसारसित उत्ताउलो भएर कुरा गरेको देखिन्छ। त्यसको आधा उत्ताउलो पनि उनीहरूले समाजसँग कुरा गर्न लगाए भने (पार्टीसिपेटरी रिसर्च एपराइजल, पी. आर. ए. वाला कुरो होइन) यस साधनाले आफ्नो रङ देखाउन लाग्छ।

एउटा उखान छ। यो बुंदेलखण्डको उखान हो। 'चुट्कीभरि जीराले ब्रह्मभोज'। त्यहाँ जीरा छ, त्यो पनि चुट्की (चिम्टी) भरि। त्यहाँ तरकारी, दाल, चामल र पीठो आदि केही छैन। तर ब्रह्मभोज लगाएर यसलाई पूरा गर्न सकिन्छ। उच्च साध्य भयो भने सबै साधान जुट्न सक्छ। हो, चिम्टीभरि जीराले 'पार्टी' (खानेपिने र मोज गर्ने भोज) भने हुन सक्दैन।

# ६.
# राजरोगीको खतरनाक मिलोमतो

असल मानिस पनि सत्ता नजिकै पुगे भने उनीहरूलाई विकास गर्ने र भूमण्डलीकरणको रोग लागिहाल्छ। सारा नदीहरू जोड्ने र बुल्डोजर चलाएर पहाडलाई समतल बनाइ खेती गर्छौं भन्ने सोचाइ उनीहरूको हुन्छ। तर यस्तो विचार प्रकृतिको विरुद्ध हुनेछ। यो त प्रभुको काम हो। देशका प्रभु बन्ने चक्करमा नेताले यो विचार नगर्नु नै राम्रो हो। प्रकृतिले नै नदीहरू जोड्ने काम गर्छ। गंगा र यमुना बेग्ला–बेग्लै ठाउँबाट निक्ले। तर हेलिकप्टर चढेर माथि आकाशबाट हेर्‍यौं भने एउटै पर्वतको चुचुरोको ठीक तल दुइटा बिन्दु देखा पर्छन्। त्यहाँ गंगोत्री र यमनोत्री धेरै टाढा छैनन्। प्रकृतिले उनीहरूलाई त्यहीं जोडिदिन्छ। तर सबै ठाउँमा छुट्टाछुट्टै सिंचाइ गरेर दुवैकहाँ मिल्ने यो कुरो प्रकृतिले नै निर्धारण गरेको थियो। अनि त्यहाँ संगम बन्यो। त्यसपछि नदीले डेल्टालाई पनि सेवा गर्नु छ।

दामोदर नदीमा बाँधको निर्माण हुँदै थियो। त्यसमा एकजना कपिल भट्टाचार्य इन्जिनियर थिए। उनी कुनै वैचारिक संगठनका मानिस थिएनन्। तर उनको साइनो नदीसँग थियो अर्थात उनी नदीसँग जोडिएका थिए। उनले आफ्नो विभागलाई दामोदर नदी

उपत्यकाको योजना स्थगित गर्नुपर्ने अनुरोध गरेका थिए। तपाईले यस योजनालाई किन रोक्न चाहनुहुन्छ भन्ने प्रश्न मानिसहरूको थियो। यति करोडको योजना, यो फाइदा त्यो फाइदा र यसबाट औद्योगिक विकास पनि हुनेछ भन्ने कुरो उनीहरूले अघि सारे। यसबारे भट्टाचार्यको भनाइ स्पष्ट थियो। दामोदरको प्रवाह रोक्ने हो भने त्योभन्दा तल डेल्टासम्म असर पर्नेछ। कोलकाताको बन्दरगाह समाप्त हुनेछ। त्यसमा पानी जहाज आउन पाउन्नन्। त्यसको गहिराइ कम हुनेछ। जुन प्रवाहबाट बालुवा बाहिर आउँछ त्यसलाई महंगो मेसिनद्वारा बाहिऱ्याउनु पर्नेछ। नदीलाई कृत्रिम तरिकाले गहिरो बनाउनका निम्ति करोडौं रुपैयाँ खर्च लाग्न सक्छ। यो काम पनि चारपाँच साल मात्र गर्न सकिनेछ। त्यति बेलासम्म यसमा यति धेरै माटो जम्मा हुन्छ कि यो काम पनि बन्द गर्नुपर्ने छ। त्यतिखेरसम्म बंगलादेश बनेको थिएन। बाँधका कारण छिमेकी देशहरूसँग पनि भारतको सम्बन्ध बिग्रिदै जानेछ भन्ने कुरो पनि भट्टाचार्यले गरेका थिए।

तटबन्ध र टेक्नोलोजीसित समुद्रको कुनै सम्बन्ध हुँदैन। त्योसँग आफ्नै विशेष शक्ति हुन्छ। त्यसमा मनुष्यको हस्तक्षेप हुने र विज्ञानको विकासका नाउँमा केही काम भए भने प्रकृतिले साँच्चीकै तिनलाई पातपतिंङ्गरझैं उडाइ दिन्छ। सुन्दर वनले यस्तै समुद्री तुफानलाई रोक्दछ। पाराद्वीपको सुन्दरवन नष्ट भयो। यसैले उडिसामा चक्रवात आयो। यसको अगाडि 'सुपर' विशेषण लगाउनुपरेको थियो। त्यसमा अथाह जनधन बरबाद भएको थियो। यो सब देखेर लाग्छ, प्रकृतिका विरुद्ध अक्षम्य अपराध भइरहेको

छ। यसलाई क्षमा गर्न सकिन्न। यसका लागि कुनै दण्ड पनि दिन सकिन्न। नदीहरूलाई जोड्ने त्यस कडीको यो नै सबभन्दा भयंकर काम हुनेछ। यसबारे कटुताबिना जति राम्ररी सोच्न सकिन्छ, सोच्नुपर्छ, बुझ्नुपर्छ। होइन भने भन्नैपर्छ, आफ्नो खुट्टामा बन्चरोले आफैं हिर्काउन चाहन्छौ भने हिर्काऊ। तर यो निश्चित  खुट्टामा बन्चरो छ। यस्ता काम गर्नेहरूको नाउँ एउटा शिलालेखमा कुँदनुपर्छ। र, कुनै विरोध हुन सकेन भने कुनै ठूलो चुचुरोमा यो शिलालेख लगाऊ र भन कि भाइ, आउने दुई सय वर्षका निम्ति यी नामहरू अमर हुनेछन्। यिनीहरूलाई केही गर्न सकिएन।

एकजना सर विलियम वेलाक भन्ने मानिस थिए। उनी अङ्ग्रेज अधिकारी थिए। यतिखेर म उनको नाउँ स्मरण गर्न चाहन्छु। सन् १९३८ मा उनले बंगाल प्रेसिडेन्सीका इन्जिनियरहरूका अघिल्तिर ६वटा प्रवचन दिएका थिए। उनले आफ्ना सबै युवा इन्जिनियरहरूलाई यसरी भनेका थिए। ७०–८० वर्ष यता अङ्ग्रेजहरूले जो नहर बनाएका छन् तिनको आर्थिक लाभ एउटा पलडामा राखौं र नोक्सानलाई अर्कोमा। यसरी नोक्सानको पलडा नै बढी भारी हुनेछ। हामीले पूरै बंगालको सोनार (सुन्दर, सुनजस्तो सुनौलो) संस्कृतिलाई नष्ट गरेका छौं। यतिमात्र कहाँ हो र, नहरहरू बनेपछि उत्पादन घटेको छ भन्ने भनाइ पनि वेलाकको थियो।

ठीक यस्तै कुरो मध्य प्रदेशमा तवा बाँध बन्दाखेरि भएको थियो। सन् ७३–७४को समय थियो। नर्मदा बाँधबारे विवाद भयो।

यही कारण बाँध बन्न सकेन। त्यसपछि तवा नदीमा बाँध बनाइयो। यस बाँधका कारण खेतहरू दलदल भए। खेतीपाती सबै सत्यानाश भयो। त्यो कालो माटोको भूभाग थियो। यसैले त्यहाँ प्रशस्त मात्रामा अन्न उब्जिन्थ्यो। तर बाँध बनेपछि हाहाकार मच्चियो, अन्न बाली–केही लागेन। यसले गर्दा जर्मन विकास बैंकको बदनामी भयो। यो बदनामी देखेर बाँधमा लगानी गरेको पैसा असुल्ने पनि जरुरत उसले सम्झेन। अनि चुपचाप खाता बन्द गरेर त्यो बैंक त्यस दृश्यबाट गायब भयो। त्यतिखेर एकजना गान्धीवादी वनवारी लाल चौधरीले एक्लै तवा बाँधको विरोध गरेका थिए। बाँधका कारण विपद आइपरेको थियो। यसबाट मुक्ति पाउनका निम्ति उनले 'माटो बचाऊ आन्दोलन' सुरु गरे। यस्तै अभियान अब नदीको रक्षाका निम्ति चलाउनुपर्ने छ।

असी–नब्बे वर्ष पहिलेको कुरो हो। नदीको प्रवाह कम भएमा उत्पादन घट्छ भन्ने कुरो वेलाकले गरेका थिए। बाढीको बढी सम्भावना छ। खारापन र लवणीकरण बढेको छ। उनले एउटा आश्चर्यजनक तथ्य भनेका थिए। यस क्षेत्रमा नदीहरूसित खेंलाची गरेपछि मलेरियाको प्रकोप भएको हो। 'नदी जोड योजना' बाट पूरै डेल्टाको इलाकामा यो सब झन् बढ्नेछ। देश भर्खरै स्वतन्त्र भएको थियो। यसभन्दा केही समय पहिलेको कुरो हो। प्रो. मजुमदारले बंगालको सिंचाइ विभागका वरिष्ठ अधिकारीहरूबीच एउटा भाषण गरेका थिए। त्यो भाषण एउटा महत्त्वपूर्ण भाषण थियो। उनले आफ्नो विचार यसरी प्रस्तुत गरेका थिए। यो मान्ने बेवकुफी वा गल्ती नगर कि नदीको पानी समुद्रमा बरबाद हुन्छ। समुद्रमा गएर

यी नदीहरूले हामीलाई उपकार गर्दछन्। यसैले यिनलाई देवी मानिएको हो।

प्रश्न छ, राजरोग कसरी निको पार्ने ? यसबाट कसरी पार पाउने ? यसलाई निको पार्ने एउटै तरिका छ। राज हातबाट फुत्किन्छ। अनि यो रोग पनि निको हुन्छ। यसको एउटा सबभन्दा राम्रो उदाहरण छ। त्यो हो रामकृष्ण हेगडेको उदाहरण। कुरो हो कर्नाटकको। पच्चीस वर्षअघि त्यहाँ बेडथी नदीमा एउटा बाँध बनाइँदै थियो। यो बाँध बनेपछि खेतीको चक्र समाप्त हुनेछ भन्ने आशंका त्यहाँका किसानको थियो। उनीहरूले यसको घोर विरोध गरे। कर्नाटकका किसानले संगठन बनाएर यो बाँधको जरुरत नै छैन भन्ने कुरो सरकारसामु राखे। उनीहरूले सम्पन्नतम खेती गर्दै छन्। यो बाँध बनेपछि उनको सारा खेतीपाती समाप्त हुनेछ। हेगडे त्यस आन्दोलनका अगुवा बने। उनी पाँच वर्षसम्म त्यस आन्दोलनका एकछत्र नेता थिए। पछि गएर उनी त्यस राज्यको मुख्यमन्त्री पनि भए। मुख्यमन्त्री बनेपश्चात उनी बेडथी बाँध बनाउने पक्षमा उँभिए। तपाई त यो बाँधका प्रमुख विरोधीमध्ये एक हुनुहुन्थ्यो भन्ने कुरो मानिसहरूले गरे। उनले भने, 'त्यतिबेला म सरकारमा थिइनँ। अब त सम्पूर्ण कर्नाटकको निम्ति त्यो बाँधको आवश्यकता छ भन्ने सोच्दै छु। अहिले मेरो चासो क्षेत्र विशेषतिर छैन। त्यसबाट त्यहाँ नोकसान भए पनि भोग्न देऊ। तर कर्नाटकलाई चाहिने बिजुली त्यसबाट प्राप्त हुनेछ, औद्योगीकरण हुनेछ'। हेगडेको राज गयो। उसको राजरोग पनि निको भयो। तर किसानको

आन्दोलन जारी भइरह्यो। त्यस आन्दोलनले गर्दा अहिलेसम्म त्यहाँ बाँध बन्न सकेन। यस किसिमको यो देशभरिको पहिलो उदाहरण हो।

देशको निम्ति जसको मनमा ढुकढुकी हुन्छ उसले नदी जोड परियोजनाबारे प्रेमपूर्वक कुरा गर्नुपर्दछ। र, यसो गर्दा कसै न कसैले अवश्य कुरा सुन्लान्। यो दौड अचम्मको दौड हो। र, यसमा सबै विचारधारा र हरेक राजनीतिक नेतृत्वको सर्वसम्मति हुन्छ। यसले विनाश मात्र निम्त्याउँछ। र, विनाशका निम्ति ती सबमा सर्वसम्मति छ। एकदुई भोटले सरकार गिर्न सक्छ, बन्न सक्छ, तर यस विकास र विनाशका निम्ति सबैको गजबको मिलोमतो छ। यस मिलोमतोको बीचमा हाम्रो आवाज दृढता र संयमको हुनुपर्ने छ। जो कुरा गर्नु छ, त्यसलाई दृढतापूर्वक भन्नुपर्ने छ। प्रेमका साथ भन्नका निम्ति हामीले तरिका खोज्नुपर्ने छ। हामीलाई सरकारको पक्ष बुझ्नु जरुरी छैन। त्यसलाई बुझ्न लाग्यौं भने हामी थाकेर विश्राम गर्नतिर लाग्नेछौं। यो राम्रो कुरो होइन। यसैले हामी कुनै पक्षमा लाग्नु हुँदैन। यही नै ठूलो काम हुनेछ। देश, भूगोल र यसको इतिहासका साथ पक्षपात भएको छ। यसलाई रोक्नुपर्छ भन्ने नै मेरो भनाइ हो।